# सम्माननीय राष्ट्रपतिज्यूबाट हालै जारी भएका अध्यादेश र अपेक्षित उपलब्धिहरू

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

माघ, २०८१

# सम्माननीय राष्ट्रपतिज्यूबाट
# हालै जारी भएका अध्यादेश र अपेक्षित उपलब्धिहरू

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय**

माघ, २०८१

विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १ | सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशका मूलभुत विशेषताहरु | १-१९ |
| २ | सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशका प्रमुख व्यवस्थाहरु र अपेक्षित उपलब्धि | २०-३० |
| ३ | व्यावसायिक वातावरण तथा लगानी अभिवृद्दिका लागि सुधार गरिएका कानूनमा समेटिएका मूलभूत विषयहरू | ३१-४७ |
| ४ | निजीकरणलाई व्यवस्थित गर्नका लागि निजीकरण ऐन २०५० (पहिलो संशोधन) अध्यादेश, २०८१ मा समावेश गरिएका मुलभुत विशेषताहरु | ४८-५० |
| ५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धी कानूनी व्यवस्थालाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ मा समावेश गरिएका मूलभुत विशेषताहरु | ५१-५८ |
| ६ | भूमि सम्वन्धी ऐनलाई संशोधन गर्न बनेको अध्यादेशका प्रमुख व्यवस्थाहरू र अपेक्षित उपलब्धि | ५९-६३ |

**<u>सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशका मूलभुत विशेषताहरु</u>**

सहकारी क्षेत्रलाई यसको मूल्य मान्यतामा रहेर सञ्चलन गर्न, सर्वसाधारण जनताको बचतको सुरक्षा गरी नागरिकको राज्यप्रतिको विश्वास अभिवृद्दि गर्नका लागि यसको सघन नियमन गर्न आवश्यक रहेको तथा यसलाई जनताप्रति उत्तरदायी, सवल, सक्षम र प्रतिस्पर्धी क्षेत्रको रुपमा विकास गर्न लागि यो सहकारी ऐनका प्रावधानलाई केही नेपाल ऐन मार्फत तत्काल संशोधन गर्न आवश्यक भएको।

**सहकारी ऐन, २०७४ मा संशोधनः सहकारी ऐन, २०७४ को,-**

**<u>दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-</u>**

"(ङ१) "प्राधिकरण" भन्नाले दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।"

**<u>दफा १५ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-</u>**

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय तहमा मात्र हुनेछ।"

**<u>दफा २० पछि देहायको दफा २०क. थपिएको छः-</u>**

"२०क. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरणः (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई तोकिएको आधारमा संघ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरण प्रयोजनको लागि यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र प्राधिकरण वा तोकिएको निकायमा दर्ता हुनु पर्नेछ।"

**दफा ३२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-**

"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्ति एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन।

तर यो उपदफा प्रारम्भ हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्तिले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।"

**दफा ४१ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-**

"(३क) कुनै पनि व्यक्ति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन र बहाल रहन सक्ने छैन।"

**दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छः-**

"५२. व्यक्तिगत बचत तथा ऋणको सीमाः (१) सदस्यले देहायका सहकारी संस्थामा देहायको सीमासम्म व्यक्तिगत बचत रकम जम्मा गर्न सक्नेछः-

(क) एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा पचास लाख रूपैयाँसम्म,

(ख) एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा पच्चीस लाख रूपैयाँसम्म,

(ग) बढीमा एक जिल्लाभित्र कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा दश लाख रूपैयाँसम्म।

तर यो दफा प्रारम्भ हुँदाको बखत क़ायम रहेको व्यक्तिगत बचतलाई यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र यस दफा बमोजिमको सीमाभित्र ल्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको प्राथमिक पूँजी कोषको पन्ध्र प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन।"

- **<u>दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-</u>**

"५२क. स्रोत खुलाउनु पर्नेः (१) सदस्यले सहकारी संस्थामा दश लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा त्यस्तो रकमको स्रोत खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यले स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्ने छैन।"

**<u>दफा ७१ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी" भन्ने शब्दहरुको सट्टा</u>** "शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन्।

**<u>दफा ८१ को सट्टा देहायको दफा ८१ राखिएको छः-</u>**

"८१. कर्जा सूचना केन्द्रः (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी बचत तथा ऋण कारोबारको सूचना आदान प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर्जा सूचना केन्द्रले सहकारी संस्थाको हकमा समेत देहाय बमोजिम कर्जा सूचना सम्बन्धी कार्य गर्नेछः-

(क) सदस्य सहकारी संस्थाको कर्जा प्रवाहमा वस्तुगत उद्देश्य र उपयुक्तता कायम गर्न त्यस्तो सहकारी संस्थाले प्रवाह गरेको ऋणको सूचना प्राप्त गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनालाई सोही खण्डमा उल्लिखित प्रयोजनका निमित्त सदस्य सहकारी संस्थाहरुको बीचमा आदान प्रदान गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त सूचनाका आधारमा कालो सूचीमा राख्नु पर्ने भए सो सम्बन्धमा आवश्यक कारबाही गर्ने।

(३) सदस्य सहकारी संस्थाले दश लाख रुपैयाँभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(४) सदस्य सहकारी संस्थाले समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक तीन महिनामा अनिवार्य रुपमा कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।"

**दफा १०१ को सट्टा देहायको दफा १०१ राखिएको छः-**

"१०१.कर्जा सुरक्षण कोषको सदस्यता लिनु पर्नेः यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनु पर्नेछ।"

**परिच्छेद १७ पछि देहायको परिच्छेद १७क. थपिएको छः-**

## "परिच्छेद-१७क.

## राष्ट्रिय सहकारी नियमन प्राधिकरण

**१०३क. प्राधिकरणको स्थापनाः** (१) संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न एक राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(३) प्राधिकरणले नेपाल सरकार समक्ष सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

(४) प्राधिकरणको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले आवश्यक निर्देशन दिन सक्नेछ।

(५) प्राधिकरणले आफ्नो वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन नेपाल सरकारले संघीय संसदको सम्बन्धित समितिमा पेस गर्नेछ।

**१०३ख. प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुनेः** (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

**१०३ग. प्राधिकरणको गठनः**

**(१) प्राधिकरणको गठन देहाय बमोजिम हुनेछः-**

(क) अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको व्यक्तिमध्ये नेपाल सरकारले नियुक्त गरेको एकजना व्यक्ति -अध्यक्ष

(ख) नेपाल राष्ट्र बैङ्कको कार्यकारी निर्देशक -सदस्य

(ग) मन्त्रालयको सहकारी क्षेत्र हेर्ने सहसचिव -सदस्य

(घ) अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रही अधिकृत स्तरमा कम्तीमा दश वर्ष कार्य अनुभव भएको नेपाल सरकारले नियुक्त गरेको एकजना विज्ञ - सदस्य

(ङ) कम्तीमा दश वर्ष कार्य अनुभव भएको चार्टर्ड एकाउन्टेन्टहरु मध्ये नेपाल सरकारले नियुक्त गरेको एकजना चार्टर्ड एकाउन्टेन्ट -सदस्य

(२) प्राधिकरणको वरिष्ठ कर्मचारीले प्राधिकरणको सचिव भई काम गर्नेछ।

(३) प्राधिकरणको अध्यक्ष पद कुनै कारणले रिक्त भएमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतलाई अध्यक्षको पदमा काम गर्न नेपाल सरकारले तोक्नेछ।

**<u>१०३घ. अयोग्यताः</u>** देहायको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन वा बहाल रहनको लागि योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, बैङ्क तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य

फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(घ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको।

**१०३ङ. प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्यको नियुक्तिः** (१) प्राधिकरणको अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि उपयुक्त व्यक्ति छनोट गरी नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य | -संयोजक |
| (ख) | पूर्व गभर्नरहरु मध्येबाट नेपाल सरकारले तोकेको एकजना | -सदस्य |
| (ग) | आर्थिक तथा वित्तीय, कानून वा सहकारी क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको विज्ञ एकजना | -सदस्य |

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले पन्ध्र दिनको समय दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी देहायको योग्यता भएका नेपाली नागरिकबाट दरखास्त आह्वान गर्नेछः-

(क) दफा १०३ग. बमोजिमको योग्यता पुगेको,

(ख) दफा १०३घ. बमोजिम अयोग्यता नरहेको,

(ग) पैंसठ्ठी वर्ष उमेर पूरा नभएको।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र सूचनामा तोकिएको मिति, समय र

माध्यमबाट योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजात सहित सिफारिस समिति समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) न्यूनतम शैक्षिक योग्यता तथा अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(ग) स्वघोषणा।

(४) उपदफा (३) बमोजिम दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्तसाथ पाँच हजार शब्दमा नबढाई तयार गरेको सहकारी संघ संस्था नियमन सम्बन्धी व्यावसायिक कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको सिफारिस समितिले अध्यक्ष र सदस्य पदमा नियुक्तिको लागि सो समितिले बनाएको मापदण्ड बमोजिम नेपाल सरकार समक्ष उपलब्ध भए सम्म प्रत्येक पदको लागि बढीमा तीनजनाको नाम सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका व्यक्ति मध्येबाट नेपाल सरकारले एकजनालाई अध्यक्ष र सदस्य पदमा नियुक्त गर्नेछ।

(७) अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः एकपटकको लागि नियुक्ति हुन सक्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र सदस्यले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ।

**<u>१०३च. प्राधिकरणको अध्यक्ष र सदस्यको पद रिक्त हुनेः देहायको कुनै अवस्थामा प्राधिकरणको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-</u>**

(क) निजले नेपाल सरकार समक्ष आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजमा दफा १०३ग. को खण्ड (क), (घ) वा (ङ) वा १०३घ. बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) दफा १०३ङ. को उपदफा (७) बमोजिम निजको पदावधि समाप्त भएमा,

(घ) दफा १०३ङ. को उपदफा (८) बमोजिम निजलाई नेपाल सरकारले पदबाट

हटाएमा,

(ङ) निजको मृत्यु भएमा।

**१०३छ. प्राधिकरणको बैठकः**

(१) प्राधिकरणको बैठक महिनामा कम्तीमा एकपटक बस्नेछ।

(२) प्राधिकरणको बैठक अध्यक्षले र अध्यक्षको पद रिक्त भएको अवस्थामा वरिष्ठ सदस्यले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "वरिष्ठ सदस्य" भन्नाले नियुक्तिको क्रममा अगाडि रहेको सदस्य सम्झनु पर्छ।

(३) प्राधिकरणको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयसहितको सूची सचिवले सबै सदस्यलाई उपलव्ध गराउनु पर्नेछ।

(४) प्राधिकरणको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थितमध्ये वरिष्ठ सदस्यले गर्नेछ।

(५) प्राधिकरणको बैठकमा तीन जना सदस्य उपस्थित भएमा प्राधिकरणको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) प्राधिकरणको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्राधिकरणले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) प्राधिकरणको निर्णय अभिलेख गर्ने प्रयोजनका लागि छुट्टै पुस्तिकाको व्यवस्था गरी प्रत्येक निर्णय त्यस्तो पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो पुस्तिकामा बैठकमा उपस्थित सम्पूर्ण सदस्यले दस्तखत गर्नु पर्नेछ।

(९) प्राधिकरणको बैठक सम्बन्धी अन्य कार्यविधि प्राधिकरण आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१०३ज. प्राधिकरणको काम कर्तव्य र अधिकारः (१) प्राधिकरणको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-**

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, सुपरीवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड

बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड (प्रुडेन्सियल स्ट्याण्डर्डस्) जारी गर्ने,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण गर्ने, गराउने,

(घ) प्राधिकरणले आफूलाई प्राप्त केही अधिकार रजिष्ट्रार, प्रदेश रजिष्ट्रार र स्थानीय तहको सहकारी हेर्ने अधिकृत मार्फत कार्यान्वयन गर्न गराउन सक्ने,

(ङ) बचतकर्ताको बचत सुरक्षाको सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमित रूपमा निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिने,

(च) नियमन तथा सुपरीवेक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको समन्वयमा रोष्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय परीक्षण (प्रुडेन्सियल अडिट) गर्ने गराउने,

(छ) सहकारीको व्यवस्थापन सूचना प्रतिवेदन प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहमा लागू गर्ने गराउने,

(ज) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण गर्न आवश्यकता अनुसार निरीक्षण अधिकारी तोक्ने,

(झ) प्रदेश र स्थानीय तहका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको प्रदेश र स्थानीय तहसँग समन्वय गरी संयुक्त रूपमा अनुगमन, नियमन तथा सुपरीवेक्षण गर्ने गराउने,

(ञ) नियमन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

(२) प्राधिकरण समक्ष परेको बचत रकम हिनामिना लगायतका उजूरीको कारबाही र किनारा गर्दा प्राधिकरणलाई प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको देहाय बमोजिमको कार्य गर्ने अधिकार हुनेछः-

(क) कुनै व्यक्तिलाई प्राधिकरण समक्ष उपस्थित गराई बयान गराउने वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेस गर्न आदेश दिने,

(घ) स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेस गर्न आदेश दिने।

(३) प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने नगराउने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई पाँच लाख रूपैयाँ देखि पन्ध्र लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) प्राधिकरणले कुनै बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले यस ऐन वा ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा एक लाख रूपैयाँ देखि पाँच लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि लेखि पठाउन सक्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम प्राधिकरणले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(६) प्राधिकरणले यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन सम्बन्धी काम गर्दा दफा २३क. बमोजिम नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन तथा मापदण्डलाई समेत पालन गर्नु पर्नेछ।

(७) प्राधिकरणले तेस्रो पक्षको जेथा जमानत सम्बन्धमा आवश्यक शर्तहरु तोक्न सक्नेछ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण गर्न कुनै बाधा पर्ने छैन र त्यसरी नियमन, अनुगमन र सुपरिवेक्षण गर्दा सम्बन्धित तहसँग समन्वय गरी गर्नु पर्नेछ।

**१०३झ. प्राधिकरणको अध्यक्षको काम, कर्तव्य र अधिकारः** प्राधिकरणको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको बैठकको अध्यक्षता गर्ने,

(ख) प्राधिकरणको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ग) प्राधिकरणको समग्र काम कारबाहीको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने,

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

**<u>१०३ञ. प्राधिकरणको सदस्यको कार्यविभाजनः</u>** प्राधिकरणको सदस्यको कार्य विभाजन प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

**<u>१०३ट. प्राधिकरणको अध्यक्ष तथा विज्ञ सदस्यको सेवा, शर्त तथा सुविधाः</u>** (१) प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य प्राधिकरणको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) प्राधिकरणको अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त नेपाल सरकारले तोके बमोजिम हुनेछन्।

**<u>१०३ठ.शपथ लिनु पर्नेः</u>** आफ्नो कार्यभार सम्हाल्नुअघि प्राधिकरणको अध्यक्ष र सदस्यले विभागीय मन्त्री समक्ष सपथ सम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

**१०३ड. <u>प्राधिकरणको कोष</u>**ः (१) प्राधिकरणको एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) मा उल्लिखित रकम प्राप्त गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) प्राधिकरणको कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम ईजाजतपत्र प्राप्त “क” वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्राधिकरणको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**१०३ढ. <u>प्राधिकरणको कोषको लेखापरीक्षण</u>:**

(१) प्राधिकरणको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) प्राधिकरणकोआय व्ययको लेखाको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

**१०३ण. <u>नियमनकारी अवसर (रेगुलेटरी अपरच्यूनिटी) को दुरूपयोग गर्न नहुने</u>:** (१) प्राधिकरणका अध्यक्ष तथा सदस्य, प्राधिकरणका कर्मचारी, सहकारी संस्थाको लेखा परीक्षण गर्ने लेखा परीक्षक वा प्राधिकरणसँग करार गरी काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले आफ्नो पदीय हैसियतमा वा प्राधिकरणको तर्फबाट कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको कुनै गोप्य सूचना कानून बमोजिम उपलब्ध गराउनु पर्ने अवस्थामा बाहेक अन्य कुनै व्यक्ति वा संस्थालाई उपलब्ध गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीले पदीय हैसियतमा कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको कुनै गोप्य सूचना निज वा निजको परिवारको कुनै सदस्यको लाभ, सुविधा, सहुलियत वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(३) प्राधिकरणका अध्यक्ष, सदस्य, प्राधिकरणका कर्मचारी, प्राधिकरणले सूचीकृत गरेका लेखा परीक्षक वा प्राधिकरणसँग करार गरी काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले आफ्नो पदीय हैसियतमा वा प्राधिकरणको तर्फबाट कुनै काम गर्दा आफू, आफ्नो परिवार वा अरू कसैलाई कुनै किसिमको लाभ, सुविधा, सहुलियत वा फाइदा लिन दिन हुँदैन।

(४) कसैले यस दफाको प्रतिकूल हुने गरी कुनै काम गरेमा निजले पदीय दायित्व अनुरूप काम नगरेको मानी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**१०३त. <u>पेशागत आचरण पालना गर्नु पर्ने</u>:** प्राधिकरणका अध्यक्ष, सदस्य र कर्मचारीले आफ्नो पदमा बहाल रहँदाका बखत र पद नरहे तापनि तोकिए बमोजिमको पेशागत आचरण पालना गर्नु पर्नेछ।

**१०३थ. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>:** (१) प्राधिकरणको कार्य सञ्चालनको लागि नेपाल

सरकारले स्वीकृत गरेको सङ्ख्यामा प्राधिकरणमा कर्मचारीहरू रहनेछन्।

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राधिकरणको आफ्नै कर्मचारी नभए सम्म प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारको कुनै निकाय वा कार्यालय वा नेपाल राष्ट्र बैङ्क वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको बैङ्क वा वित्तीय संस्थामा कार्यरत कर्मचारीलाई प्राधिकरणबाटै तलब भत्ता खाने गरी मन्त्रालयको समन्वयमा सम्बन्धित निकायले काजमा खटाउन सक्नेछ।

(४) प्राधिकरणले आफ्नो कार्य सम्पादन गर्नको लागि आवश्यकता अनुसार विशेषज्ञ, प्राविधिक तथा सहायकस्तरका कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ।

(५) प्राधिकरणले नेपाल सरकारलाई आर्थिक दायित्व थप हुने कुनै कार्य गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।"

(१) दफा १०४ को,-

(१) उपदफा (१) को खण्ड (च) मा रहेको "पच्चीस जना" भन्ने शब्दहरुको सट्टा "पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्राधिकरणमा परेको उजुरीको आधारमा छानबिन गर्दा वा निरीक्षणको क्रममा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रहेको देखिएमा त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्नका लागि प्राधिकरणले मन्त्रालय समक्ष सिफारिस गर्नेछ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

दफा १०६ को खण्ड (ड) मा रहेका "संघको तर्फबाट" भन्ने शब्दहरु पछि "मुद्दा वा कानूनी कारबाही र" भन्ने शब्दहरू थपिएका छन्।

(२) <u>**दफा १०६ पछि देहायको दफा १०६क. थपिएको छः-**</u>

"**१०६क. <u>विज्ञ टोली गठन गर्न सक्नेः</u>** (१) समस्याग्रस्त सहकारी संस्थाको दफा

१०६ बमोजिमको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक सेवा लिन व्यवस्थापन समितिले विज्ञ टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ टोलीको गठन कार्याविधि तथा त्यस्तो विज्ञ टोलीको काम, कर्तव्य र अधिकार टोली गठन गर्दाकै बखत व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम विज्ञ टोली गठन गर्दा प्रत्येक समस्याग्रस्त सहकारी संस्थाका लागि छुट्टा छुट्टै गठन गर्नु पर्नेछ।"

(३) दफा १०८ पछि देहायको दफा १०८क. थपिएको छः-

"१०८क. <u>बचत रकम फिर्ता सम्बन्धी विशेष व्यवस्थाः</u>

(१) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था वा दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँ सम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नु पर्नेछ।

(२)सदस्यले जम्मा गरेको पाँच लाख रुपैया भन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) यस दफा बमोजिम बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्नु अघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नु पर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नु पर्ने रकम भन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) सहकारी संस्थाले घर, जग्गा वा अन्य मेशिनरी औजार वा उपकरण लिज वा भाडामा उपलब्ध गराए बापत प्राप्त हुने रकम असुल गरी त्यस्तो रकम बचतकर्ता

सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

(६) यस ऐन बमोजिम मुद्दा दायर भएको वा अन्य कुनै कारणले अदालत वा अन्य कुनै निकायमा सहकारी संस्थाको सम्पत्ति वा धितो सुरक्षण रोक्का भएको कारण त्यस्तो सम्पत्ति बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्न नसकिएको र त्यस्तो सम्पत्ति वा धितो सुरक्षण बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता हुने सुनिश्चित देखिएमा सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले सम्बन्धित अदालत वा निकाय समक्ष रोक्का फुकुवाको लागि अनुरोध गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम अनुरोध भई आएमा सम्बन्धित अदालत वा निकायले अन्य कुनै कारणले रोक्का राख्नु नपर्ने भए त्यस्तो सम्पत्ति वा धितो सुरक्षणको रोक्का फुकुवा गरिदिनु पर्नेछ।

(८) यस दफा बमोजिम जोखिममा रहेका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि मापदण्ड र समयबद्ध फिर्ता कार्ययोजना बनाई बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्नु पर्नेछ।"

**दफा ११० को सट्टा देहायको दफा ११० राखिएको छः-**

"**११०. संस्था वा सङ्घको सम्पत्तिबाट खर्च व्यहोरिनेः** समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिनेछ।"

**ऐनको दफा ११२ पछि देहायको ११२क. थपिएको छः-**

"**११२क. दाबी पेस गर्नु पर्नेः** दफा ११२ बमोजिम सूचना प्रकाशन भए पछि समस्याग्रस्त सहकारी संस्थाका सदस्य, बचतकर्ता, साहू तथा लगानीकर्ता बैङ्क तथा वित्तीय संस्थाले आफ्नो पाउनु पर्ने रकमको दाबी पेस गर्नु पर्नेछ।"

**दफा ११५ को उपदफा (१) को खण्ड (क) मा रहेको "समितिको" भन्ने शब्द पछि "ऋणी" भन्ने शब्द थपिएको छ।"**

**दफा १३१ पछि देहायको दफा १३१क. थपिएको छः-**

"**१३१क. मिलापत्र हुन सक्नेः** (१) प्रतिवादी उपर बचतकर्ताको बचत रकम भुक्तानी दिन नसकेको वा बचत रकम हिनामिना गरेको वा सहकारी ठगी गरेको भनी

दफा १३० बमोजिम मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानून बमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकोले मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम मिलापत्र हुन नसक्ने संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसूरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिमको मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिनेछ र त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई लागेको दण्ड जरिबाना र विगो तिर्नु बुझाउनु पर्ने छैन र कैदको समेत लगत कट्टा हुनेछ।

(४) उपदफा (१) बमोजिम मुद्दा मिलापत्र गर्दा प्रतिवादीको चल अचल सम्पत्ति रोक्का फुकुवा गर्नु पर्ने भए सो फुकुवा समेत गरी सम्बन्धित अदालतले मिलापत्र कार्यान्वयन गरिदिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मिलापत्र गर्दा सरकारी वकीलको राय लिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम मिलापत्र गर्दा एकभन्दा बढी प्रतिवादी भएकोमा सम्बन्धित प्रतिवादीको विगो यकिन भएकोमा आफ्नो हकको विगो भुक्तान गरी मिलापत्र गर्न सकिनेछ।

(७) उपदफा (१) बमोजिम मिलापत्र गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ।"

**दफा १३२ मा रहेका "नब्बे दिन" भन्ने शब्दहरुको सट्टा "एक वर्ष" भन्ने शब्दहरु राखिएका छन्।**

**दफा १३५ पछि देहायको दफा १३५क. थपिएको छः-**

"**१३५क. बचत रकम फिर्ता गर्न समिति गठन गर्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले ऋण असुली हुन नसकेको लगायतका कारणबाट आफ्ना सदस्यलाई वचत रकम फिर्ता दिन नसकेको, सञ्चालक समितिले सदस्यको हित बिपरीतको काम गरेको वा सञ्चालक समितिका अधिकांश सञ्चालक संस्थामा उपस्थित नभएको वा यस ऐन बमोजिम

साधारण सभा नबसेको कारण सदस्यको बचत रकम फिर्ता हुन नसकेको भनी संस्थाका कम्तीमा पन्ध्र प्रतिशत सदस्यहरुले संस्थाको सम्पत्ति जिम्मा लिई सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि बचत रकम फिर्ता समिति गठन तथा संस्था सञ्चालन गर्न सम्बन्धित सहकारी हेर्ने निकायमा अनुमतिका लागि निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित सहकारी हेर्ने निकायले अभिलेख राखी त्यस्तो समिति गठन तथा संस्था सञ्चालन गर्न अनुमति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भए पछि उपदफा (१) बमोजिम निवेदन दिने सदस्यहरुले बचत रकम फिर्ता समिति गठन गरी संस्था सञ्चालन गरेको जानकारी सम्बन्धित सहकारी हेर्ने निकायलाई तत्काल दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गठन भएको समितिले त्यस्तो समिति गठन भएको ६ महिनाभित्र साधारण सभा गरिसक्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको समितिले यस ऐन बमोजिम समितिलाई भएको अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिले सदस्यको बचत रकम फिर्ता दिँदा दफा १०८क. को अधीनमा रही बचत रकम फिर्ता गर्नु पर्नेछ।

(७) उपदफा (३) बमोजिम गठन भएको समितिले वचतकर्ता सदस्यलाई बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि ऋणीबाट असुल गरेको रकम, संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त आय रकम तथा बचतकर्तालाई फिर्ता गरेको बचत रकमको विवरण छुट्टै तयार गरी सुरक्षितरुपमा अभिलेख राख्नु पर्नेछ र त्यसको विवरण सम्बन्धित सहकारी हेर्ने निकायलाई प्रत्येक तीन महिनामा पेस गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम विवरण प्राप्त भएपछि उपदफा (३) बमोजिम गठन भएको समितिलाई सम्बन्धित सहकारी हेर्ने निकायले आवश्यक निर्देशन दिन सक्नेछ।

(९) उपदफा (७) बमोजिम ऋणीबाट असुल गरेको रकम, संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त आय तथा संस्थाको सम्पत्ति बिक्रीबाट प्राप्त रकमलाई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम ईजाजतपत्र प्राप्त “क” वर्गको कुनै बैङ्कमा छुट्टै खाता खोली रकम जम्मा गरी सो खाताबाट बचतकर्ता सदस्यको बचत

रकम भुक्तानी गर्नु पर्नेछ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको समितिका सदस्यले यस दफा बमोजिम जिम्मेवारी लिनु अगावै यस ऐन विपरीत भएको काम कारबाहीको सम्बन्धमा जबाफदेही हुनु पर्नेछैन र सो सम्बन्धमा निजलाई कुनै कानूनी कारबाही हुने छैन।"

२. **<u>नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा संशोधनः</u>** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को,-

(१) खण्ड (क) र (ख) मा रहेका "वाणिज्य बैङ्क तथा वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैङ्क तथा वित्तीय संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन्।"

(२) खण्ड (च) मा रहेका "वाणिज्य बैङ्क वा वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैङ्क तथा वित्तीय संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा संशोधनः</u>** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) मा "वा वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था" भन्ने शब्दहरु पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (छ) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरु पछि "सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु थपिएका छन्।

(ग) खण्ड (ज) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरु पछि "सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (ण) मा रहेका "वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था" भन्ने शब्दहरु पछि "सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु थपिएका छन्।

(ङ) खण्ड (ध) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरु पछि "सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १४ मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरु पछि "सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १५ को उपदफा (१) र (४) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरु पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरु थपिएका छन्।

४. **खारेजीः** (१) राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको ऐन बमोजिम गठन भएको राष्ट्रिय सहकारी विकास बोर्डको चल अचल सम्पत्ति लगायतको जायजेथा, दायित्व र सो बोर्डमा कार्यरत कर्मचारी प्राधिकरणमा स्वतः सर्नेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत बहाल रहेका राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य यो दफा प्रारम्भ भए पछि आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछन्।

(४) राष्ट्रिय सहकारी विकास बोर्डमा कार्यरत कर्मचारीहरू प्राधिकरणको समान तह र पदमा तोकिए बमोजिम समायोजन हुनेछन्।

**संसोधनवाट अपेक्षित उपलब्धीः**

सहकारीमा हाल देखिएको बचत अपचलन, हिनामिना एवं दुरुपयोगलाई प्रचलित कानून बमोजिम नियन्त्रण र नियमन गरी सर्वसाधारण जनताको बचत रकम फिर्ता गर्न तथा भविष्यमा ३ नै तहमा दर्ता भई संचालनमा रहेका सहकारीहरुको सशक्त र प्रभावकारी नियमन गरी यस क्षेत्रमा जनताको बचत रकमको सुरक्षा गर्न एवं सहकारीमा थप जोखिम निम्तिन नदिनका लागि सहकारी नियमन आयोगको गठन गरिएको छ। यसको कार्यान्वयनवाट राज्यप्रति नागरिकको विश्वास अभिवृद्दि हुने र अर्थतन्त्रको एक खम्वाको रुपमा रहेको यस क्षेत्र सवल, सक्षम, प्रतिस्पर्धी र उधमशिलताको आधार तयार गरी आर्थिक विकासमा सहयोग पुग्ने।

## <u>सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशका प्रमुख व्यवस्थाहरु र अपेक्षित उपलब्धि</u>

नेपाल सरकारले मौजुदा विभिन्न कानूनहरूमा रहेका कमीकमजोरीहरू, अस्पष्ट प्रावधानहरू तथा सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा प्रक्रियागत ढिलासुस्ती सिर्जना गर्ने प्रकृतिका व्यवस्थाहरूलाई तत्काल सुधार, संशोधन वा परिमार्जन गरी निर्णय प्रक्रियालाई थप शीघ्र र सरल बनाउन, सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त बनाउन, नागरिक तथा विकास मैत्री प्रशासन स्थापना गर्न तथा सुशासन प्रवर्धन गर्न मिति २०८१ माघ २ गते केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेको थियो। उक्त अध्यादेशमार्फत संशोधन वा परिमार्जन गर्न खोजिएका प्रमुख विषयहरू र त्यसबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरूलाई तल संक्षेपमा प्रस्तुत गरिएको छ।

### १. गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा संशोधन:

- **<u>दफा २ मा संशोधन:</u>** गैरआवासीय नेपाली नागरिकको परिभाषामा गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिलाई समेत समेटिने गरी गैरआवासीय नेपालीको पुनः परिभाषा गरिएको।
- **<u>दफा ११ मा संशोधन:</u>**
- गैरआवासीय नेपाली नागरिक र निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय भिसा निःशुल्क रूपमा उपलब्ध हुने। गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई एकपटकमा दुई वर्ष अवधिको बहुप्रवेश सुविधा सहितको आवासीय भिसा निःशुल्क रूपमा उपलब्ध गराउने ब्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धि:</u>**
- गैरआवासीय नेपाली नागरिकता प्राप्त नागरिक र उनीहरूको परिवारलाई समेत निःशुल्क भिसा उपलब्ध गराउँदा नेपालभित्र परिवारसहित आवतजावत गर्न र बसोबास गर्न कम खर्चिलो र सजिलो हुनुका साथै उनीहरूको नेपालमा आवत-जावत बढ्दै जाने र आर्थिक, सांस्कृतिक र सामाजिक गतिविधिमा समेत

संलग्नता बढ्दै जाने र विदेशमा बस्दा रहँदा आर्जन गरेको पूँजी, सम्पत्ति तथा प्राविधिक ज्ञान एवं सीप नेपालभित्र विभिन्न पेशा र उद्यम व्यवसायमा लगानी तथा उपयोग गर्न सक्ने भएकोले देशको आर्थिक विकासमा सहयोग पुग्न जाने देखिएको छ।

- उक्त संशोधनले नेपालको संविधानले गैरआवासीय नेपाली नागरिकलाई प्रदान गरेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण तयार गरी आर्थिक र सामाजिक क्षेत्रमा गैरआवासीय नेपाली नागरिकको योगदान वृद्धि हुन गई मातृभूमि नेपालप्रतिको अपनत्वभाव वृद्धि हुन जाने देखिएको छ।

**२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधनः**

- **दफा २ मा संशोधनः** नागरिक एपको परिभाषा थप गरिएको।
- **दफा ३क थपः** प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनी उल्लेख भएका विषय, नेपाल सरकार (कार्यसम्पादन) नियमावली बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने विषय र प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट र सो बाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएबमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरेबमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिने व्यवस्था गरिएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः**

- हाल प्रचलित कानूनमा व्यवस्था भएबमोजिम नेपाल सरकारले निर्णय गर्नुपर्ने वा सम्पादन गर्नुपर्ने विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्दा प्रशस्त संख्यामा प्रस्तावहरू मन्त्रिपरिषद्समक्ष पेस हुने र निर्णय प्रक्रियामा धेरै समय लाग्न गई तत्काल सम्बोधन गर्नुपर्ने नागरिक सरोकारका कतिपय जरुरी विषय

वस्तु वा सार्वजनिक सेवाप्रवाहमा समेत असर पर्न जाने भएकोले नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेबमोजिम विषयगत मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरेबमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन हुनसक्ने गरी गरिएको व्यवस्थाले निर्णय गर्ने क्रममा विभिन्न चरणमा हुने प्रक्रियागत ढिलाइ कम हुन गई सरकारको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सार्वजनिक सेवाप्रवाह समेत छिटो, छरितो हुने देखिएको छ।

- **<u>दफा १५ मा संशोधनः</u>** प्रचलित कानूनबमोजिम निर्णय गर्नुपर्ने वा कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक पदाधिकारीले निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको मितिले सात कार्यदिनभित्र कार्यसम्पादन वा निर्णय गर्नुपर्ने र त्यस्तो कार्य वा निर्णय नगर्ने वा आफूले निर्णय गर्नुपर्ने विषय निर्णय नगरी पन्छाउने पदाधिकारीलाई एक तह माथिको अधिकारीले चेतावनी दिने समेतको व्यवस्था गरी त्यस्तो चेतावनीको अभिलेख समेत राखी कर्मचारीको हकमा त्यस्तो अभिलेखलाई कार्यसम्पादन मूल्याङ्कनमा आबद्ध गर्ने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

  प्रचलित कानूनबमोजिम निर्णय गर्नुपर्ने वा कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक पदाधिकारीले समयमै काम नगर्ने र काम पन्छाउने प्रवृत्तिलाई निरुत्साहित गरी कानूनबमोजिम आफूले सम्पादन गर्नुपर्ने काम वा निर्णय तोकिएको समयमा र छिटो छरितो रूपमा सम्पन्न गर्नेगरी सम्बन्धित कर्मचारी वा पदाधिकारीलाई कामप्रति थप जिम्मेवार र जवाफदेही बनाउने देखिएको छ।

- **<u>दफा ३७क. थपः</u>** संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवाप्रवाह गर्ने निकायले आफ्नो स्रोत र साधनको उपलब्धताका आधारमा कम्प्युटरीकृत सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआबद्धता गरी नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

- आम नागरिकलाई कम समयमा र विना झन्झट सहज रूपमा सार्वजनिक सेवा प्रवाह गर्नका लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरी त्यस्तो प्रणालीलाई नागरिक एपसँग अन्तरआबद्धता गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहयोग पुग्ने देखिएको छ।
- **<u>दफा ४५ मा संशोधनः</u>** मन्त्रालयले काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यकतानुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्ने प्रावधान राखिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

- नेपाल सरकारले सरकारी कार्यालयको काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका र दिग्दर्शन बनाई लागू गर्नसक्ने प्रावधान रहेकोमा कतिपय अवस्थामा त्यस्ता निर्देशिकामा ऐनले दिएको अधिकारभन्दा बाहिर गई कानूनी प्रावधान राखिने गरेको र कतिपय अवस्थामा सरकारी काम कारवाही छिटो, छरितो रूपमा सम्पादन हुनुभन्दा निर्देशिकाका प्रावधान नै बाधक बन्न जाने भएकोले यो संशोधनले मन्त्रालयले आफ्ना कामकारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ। यसबाट ऐनले दिएको अधिकार र नियममा भएका व्यवस्थाबमोजिम सरकारका कामकारवाही छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न आवश्यकतानुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सकिने भएको छ।

## ३. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधनः

- तेजावसम्बन्धी कसूरलाई गम्भीर कसूरको रूपमा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ ले सम्बोधन गरिसकेकोले त्यस्तो गम्भीर प्रकृतिको कसुरलाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा सीमित राख्न उपयुक्त नभएकोले तेजावसँग सम्बन्धित व्यवस्था यस ऐनबाट हटाइएको।

## ४. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधनः

- <u>**दफा १७ मा उपदफा (३) थपः**</u> प्रचलित कानूनबमोजिम जफत हुनुपर्ने जग्गा जफत गरिएपछि त्यस्तो जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानूनबमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सरकारी वा सार्वजनिक प्रयोजनको लागि विभिन्न कारणले उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग मात्र जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्ट्याउँदा जग्गाधनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा मूल्याङ्कन समितिले निर्धारण गरेको मूल्यमा जग्गाधनीले नै खरिद गर्न सक्ने व्यवस्था राखिएको।

  <u>**संशोधनबाट अपेक्षित उपलब्धिः**</u>

- संशोधित व्यवस्थाले प्रचलित कानूनबमोजिम जफत हुनुपर्ने जग्गा सरकारलाई प्राप्त हुन आए पनि विभिन्न कारणवश त्यस्तो जग्गा सरकारी वा सार्वजनिक कामका लागि अनुपयोगी र अनुपयुक्त हुने प्रकृतिका जग्गा भएमा त्यस्तो जग्गाको बदलामा सो जग्गा जग्गाधनीलाई नै बढी उपयोगी हुने भएमा मूल्याङ्कन समितिले निर्धारण गरेबमोजिम सरकारलाई सो जग्गा बापतको नगद नै प्राप्त हुँदा सरकारले प्राप्त गर्ने आम्दानी उचित ठाउँमा लगाउन सक्ने, जग्गाको अतिखण्डीकरण रोकिनुका साथै नागरिकको वैध सम्पत्ति उपभोग गर्ने कार्यमा समेत सहजीकरण हुने देखिएको छ।

- **<u>दफा २६क. थपः</u>** विभागलाई यस ऐन बमोजिमको सम्पत्ति वा साधन व्यवस्थापन तथा लिलाम बिक्री गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्नसक्ने गरी अधिकार सम्पन्न बनाइएको छ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** नेपाल सरकारको नाममा प्राप्त हुनुपर्ने कसूरजन्य सम्पत्ति वा साधन व्यवस्थापन तथा लिलाम बिक्री गर्ने सम्बन्धमा भएका असहजताहरूलाई सम्बोधन गरी त्यस्ता कार्य सम्पादन गर्नुपर्ने भएकोले विभागलाई अदालतलाई भए सरहको अधिकार प्रदान गरी अधिकारसम्पन्न बनाई यस ऐन बमोजिमका सम्पत्ति वा साधनको व्यवस्थापन तथा लिलाम-बिक्री गर्ने कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिनेछ।

## ५. श्रम ऐन, २०७४ मा संशोधनः

- **<u>दफा १४७ मा संशोधनः</u>** हालसम्म श्रमिकको अनिवार्य अवकाशको उमेर अन्ठाउन्न वर्ष रहेकोमा त्यसलाई वृद्धि गरी साठी वर्ष कायम गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

- उक्त संशोधनले दक्ष, सीपयुक्त र अनुभवी श्रमिकलाई साठी वर्षको उमेरसम्म काममा लगाउँदा एकातिर औद्योगिक वा व्यावसायिक प्रतिष्ठानको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने र अर्कोतर्फ अनुभवी र सीपयुक्त श्रमिकलाई बेरोजगार बस्नु नपर्ने हुँदा दुवै पक्षलाई फाइदा पुग्न जाने देखिएको छ।

## ६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधनः

- **<u>दफा ११६ मा संशोधनः</u>** अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै वा वडाध्यक्ष निलम्बनमा हुँदा वा त्यस्तो पद कुनै कारणले रिक्त भएको अवस्थामा कार्यपालिकाका सदस्यहरूले वा वडा सदस्यहरूले आफूहरूमध्येबाट छनौट गरेको सदस्यले कार्यवाहकको रूपमा काम गर्न सक्ने व्यवस्था मिलाइएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः**

- अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै वा वडाध्यक्ष निलम्बनमा हुँदा वा त्यस्तो पद कुनै कारणले रिक्त हुँदा पनि नागरिकलाई स्थानीय तहबाट प्राप्त गर्नुपर्ने सेवा, सुविधा लगायतका सेवा प्रवाह नियमित र सहज रूपमा प्राप्त गर्न सक्ने सहज हुने हुन्छ

**७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः**

- **दफा ११७ मा संशोधनः** प्रतिवादी र पीडित दुवै पक्षले मिलापत्र गराई पाउनका लागि निवेदन दिएमा चेक अनादरको जरियाबाट उठेको बैङ्किङ्ग कसुर, आपराधिक विश्वासघात वा आपराधिक लाभ समेतका मुद्दामा जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयन गर्दाको अवस्थामा पनि मिलापत्र हुनक्ने प्रावधान राखिएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः**

- उक्त संशोधनले कुनै पनि विवादमा अदालतको फैसलाबाट भन्दा मेलमिलापको माध्यमबाट विवादको समाधान भएमा पक्षहरूबीच सौहार्दपूर्ण सम्बन्ध र सामाजिक सद्भाव कायम रहने, विवादको स्थायी समाधान हुने र फैसला कार्यान्वयनमा समेत प्रभावकारिता हुने देखिएको छ।
- **दफा १३७ मा संशोधनः** प्रचलित कानूनबमोजिम पुनरावेदन दिँदा कैदमा नै बस्नुपर्ने भनी किटान गरिएको अवस्थाका व्यक्तिभन्दा बाहेकका अन्य व्यक्तिले पुनरावेदन गर्दा धरौट वा जमानत दिई पुनरावेदन गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्थामा संशोधन गरी सुरु अदालतमा तिरेको धरौट वा जमानतको १५% मात्र थप रकम धरौट वा जमानत राखी र कैद सजाय भएकोमा कैद बापत रकम तिरी पुनरावेदन गर्न पाउने व्यवस्था गरिएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः**

उक्त कानूनमा गरिएको संशोधनले पुनरावेदन गर्दा ठूलो धनराशि धरौट वा जमानतमा राख्नुपर्दा कतिपय व्यक्तिहरू गरिबी वा आर्थिक अभावका कारण

त्यस्तो धरौट वा जमानत राख्न नसकेको अवस्थामा कैदमा नै बसी पुनरावेदन गर्नुपर्ने, पुनरावेदन तहमा फैसला हुन लामो समय लागेमा कैदमा नै बसिरहनुपर्ने भएकोले मुद्दाको अन्तिम किनारा लागेपछि फैसलाबमोजिम हुने नै हुँदा आम नागरिकको न्यायमा पहुँच स्थापित गर्नका लागि एकतह पुनरावेदन गर्न पाउने नागरिकको हकको संरक्षण गर्न प्रस्तुत संशोधनले सहयोग पुऱ्याउने देखिएको छ।

- **दफा १५५ मा संशोधनः** पहिलोपटक कसूरदार ठहरी एकवर्ष वा सोभन्दा कम कैदको सजाय भएको कसूरदारले कैदको सट्टा रकम बुझाएमा कैदमा बस्नु नपर्ने व्यवस्था गरिएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः**

- संशोधित व्यवस्थाले स-साना प्रकृतिका मुद्दाहरूमा व्यक्तिलाई कैदमा नै बस्नुपर्ने अवस्थालाई संशोधन गरी कैदबापत नगद रकम तिरी बाहिर रहन पाउने व्यवस्था गरिएको। यसले कैदीहरूलाई राज्यको तर्फबाट उपलब्ध गराउनुपर्ने सिदा लगायतका आर्थिक भारलाई कम गर्न समेत सहयोग पुग्ने देखिएको छ।
- **दफा १६७ मा संशोधनः** प्रचलित कानूनबमोजिम रोक्का, कब्जा वा नियन्त्रणमा रहने, चाँडै नासिने वा बिग्रने सम्पत्तिमध्ये सवारी साधनको हकमा सवारी धनीले नै त्यस्तो सवारी साधनको परल मूल्यमा ह्रासकट्टी गरी हुन आएको रकम धरौटी खातामा जम्मा गरेमा त्यस्तो सवारी साधन सम्बन्धित सवारी धनीलाई फिर्ता दिनुपर्ने व्यवस्था गरिएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः**

- संशोधित व्यवस्थाले रोक्का, कब्जा वा नियन्त्रणमा लिइएको सवारी साधन त्यसै थन्किएर रहने र थन्किएका सवारी साधन बिग्रने र चल्नै नसक्ने अवस्थामा पुगी सम्पत्तिको क्षति हुने भएकोले मुद्दाको अन्तिम किनारा लाग्दा अदालतको आदेश बमोजिम हुने नै हुँदा त्यस्ता सवारी साधनलाई तत्काल प्रयोगमा ल्याउन मिल्नेगरी राखिएको कानूनी व्यवस्थाले रोक्का, कब्जा वा नियन्त्रणमा लिइएका

सवारी साधनलाई प्रयोगविहीन अवस्थामा सडाएर राख्नुपर्ने अवस्थाको अन्त्य भई सवारी धनीले यथोचित उपयोग गर्नसक्ने देखिएको।

**८. स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधनः**

- **दफा ९ मा उपदफा (६) थपः** हालसम्म सेवा प्रदायकले सम्झौता बमोजिमको स्वास्थ्य बीमा बमोजिमको सेवा सुविधा बीमितलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको भए तापनि त्यस्तो सेवा कहाँबाट कसरी प्राप्त गर्ने भन्ने स्पष्ट नरहेकोमा यो संशोधनले प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहनुपर्ने व्यवस्थालाई किटानी गरेको।

  **संशोधनबाट अपेक्षित उपलब्धिः**

  आम नागरिकले स्वास्थ्य बीमा बमोजिमको सुविधा सम्बन्धित स्थानीय तहको प्रथम सेवा बिन्दुबाटै छिटो, छरितो र सरल रूपमा प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित भएको।

- **दफा २५ मा उपदफा (६) थपः** कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि कार्यकारी निर्देशकको रूपमा काम गर्न मन्त्रालयले मन्त्रालय वा अन्तर्गत बहाल रहेको नेपाल स्वास्थ्य सेवाको कम्तीमा एघारौं तहको कर्मचारीलाई खटाउन सक्ने व्यवस्था राखिएको।

  **संशोधनबाट अपेक्षित उपलब्धिः**

- कार्यकारी निर्देशकको पद रिक्त रहेको अवस्थामा पनि सेवा प्रवाहलाई सुचारु र नियमित गर्नका लागि वैकल्पिक व्यवस्था गरी नागरिकहरूलाई सार्वजनिक स्वास्थ्य संस्थाहरूबाट निरन्तर सेवा उपलब्ध गर्नसक्ने व्यवस्था सुनिश्चित भएको।

## ९. सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनः

- **<u>दफा ३ मा उपदफा (३) थपः</u>** सामाजिक सुरक्षा भत्ता वितरणमा नेपाल सरकारले राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्न सक्ने व्यवस्था गरिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

- सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि नेपाल सरकारले राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेमा सामाजिक सुरक्षा भत्ता वितरणमा हुन सक्ने दोहोरोपना अन्त्य हुने, सही लाभग्राही पहिचान गर्न सहयोग पुग्ने र राज्यको ठूलो धनराशि बचत गर्न मद्दत पुग्ने देखिएको।

## १०. अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधनः

- **<u>दफा ३७ मा संशोधनः</u>** प्रचलित कानून बमोजिम क्षतिपूर्ति रकम प्राप्त गर्नेगरी अदालतबाट फैसला भएकोमा त्यस्तो क्षतिपूर्ति रकम प्राप्त गर्न नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम प्राप्त गर्ने नजिकको हकवाला को हुने हो ? सो स्पष्ट गर्ने व्यवस्था गरिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

- उक्त संशोधनले क्षतिपूर्ति रकम प्राप्त गर्न नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम प्राप्त गर्ने नजिकको हकवाला को हुने हो ? सो स्पष्ट गर्ने व्यवस्था गरिएको।

## ११. निवृत्तभरण कोष ऐन, २०७५ मा संशोधनः

- **<u>दफा ९ मा संशोधनः</u>** योगदानमा आधारित निवृत्तभरण प्रणालीमा शिक्षक सेवा समावेश गरिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**

- हालसम्म योगदानमा आधारित निवृत्तभरण प्रणालीमा शिक्षक सेवा समावेश नहुँदा ठूलो सङ्ख्यामा रहेका शिक्षकहरू उक्त अवसरबाट वञ्चित हुँदै आएकोमा यो संशोधनले देशभरका सरकारी शिक्षकहरूले उक्त प्रणालीमा आबद्ध भई फाइदा लिन सक्ने देखिएको।

## १२. योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा संशोधनः

- **<u>नाम संशोधन गरिएको:</u>** विदुषी योगमायाले गरेको सामाजिक योगदानको स्मरण हुने गरी योगमाया आयुर्वेद विश्वविद्यालयको नाम "**विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय**" राखिएको।
- **दफा ७ मा संशोधनः** विभिन्न क्षेत्रलाई समेटिने गरी सरोकारवाला सदस्य थप गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**
- विश्वविद्यालय सञ्चालनमा विभिन्न क्षेत्रका विज्ञहरूको संलग्नता र योगदान वृद्धि भई विश्वविद्यालयको प्रभावकारी सञ्चालन हुने देखिएको।
- **<u>दफा ७क मा संशोधनः</u>** विश्वविद्यालय परिषद्का मनोनीत सदस्यको कार्यसम्पादन स्तर सन्तोषजनक नभएमा त्यस्तो व्यक्तिलाई विश्वविद्यालय परिषद्ले हटाउन सक्ने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>**
- विश्वविद्यालयभित्र उच्च कार्यसम्पादन स्तर कायम राख्न र अनुशासन पालना नगर्ने पदाधिकारीलाई पदबाट हटाई कार्यसम्पादनमा सहजता ल्याउने र उक्त विश्वविद्यालय सञ्चालनको क्रममा रहेका केही जटिलतालाई सम्बोधन गरी सहज रूपमा विश्वविद्यालय सञ्चालन गर्न सहयोग पुग्ने देखिएको।

## व्यावसायिक वातावरण तथा लगानी अभिवृद्धिका लागि सुधार गरिएका कानूनमा समेटिएका मूलभूत विषयहरू

### १. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधनः

- **दफा २ मा संशोधनः** "विदेशमा लगानी" को परिभाषामा नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशस्थित निश्चित प्रकृतिका निकायको शेयरमा गरेको लगानीलाई समेटी परिभाषित गरिएको ।
- **दफा १०क. थपः** विदेशमा लगानीको नियमन सम्बन्धी व्यवस्था गरिएको। यस व्यवस्था अन्तर्गत मूलतः सूचना प्रविधिमा आधारित नेपाली कम्पनीहरूले विदेशमा लगानी गर्न पाउनेछन् । साथै, कुनै पनि नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा गरेको आर्जनबाट प्राप्त रकमलाई विदेशमा कुनै पनि क्षेत्रमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ। त्यसैगरी नेपालमा संस्थापित कम्पनीको विदेशस्थित मुख्य कम्पनीले वा त्यस्तो मुख्य कम्पनीको विदेशस्थित अन्य सहायक कम्पनीले नेपालमा संस्थापित कम्पनीको नेपालमा बसोबास गर्ने नेपाली नागरिक कर्मचारीको हकमा समेत लागू हुनेगरी सञ्चालन वा कार्यान्वयन गरेको कर्मचारी शेयर बिक्री योजना अन्तर्गत त्यस्तो कर्मचारीले नेपालबाट बाहिर परिवर्त्य मुद्रा विप्रेषण नहुने गरी शेयर प्राप्त गर्न र त्यस्तो शेयरबाट आय आर्जन गर्न पाउने व्यवस्था गरिएको छ।

**संशोधनबाट अपेक्षित उपलब्धिः** यस व्यवस्थाबाट अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्नेगरी नेपाली सूचना प्रविधिमा आधारित कम्पनीले विदेशमा सहायक कम्पनी तथा शाखा खोल्न, कारोवार गर्न, विदेशमा भएको आम्दानी नेपालमा भित्र्याउन सक्नेछन्। साथै, नेपालमा संस्थापित कम्पनीको विदेशस्थित हिताधिकार कम्पनीले जारी गर्ने कर्मचारी शेयर बिक्री योजनामा नेपाली कर्मचारीले समेत शेयर प्राप्त गर्न सक्ने भई त्यसबाट आयआर्जन गर्न पाई लाभान्वित हुनेछन्।

## २. राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधनः

- **<u>दफा ९ को उपदफा (१) मा संशोधनः</u>** "धरौट नराखी भन्ने शब्दहरूको सट्टा "धरौट वा शर्त बिनाको मुद्दाको अवधिसम्म अद्यावधिक हुनसक्ने बैङ्क जमानत नराखी" भन्ने शब्दहरू राखिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** राजस्व न्यायाधिकरण वा उच्च अदालतमा मुद्दा पुनरावेदन गर्दा नगदै धरौट राख्नुपर्ने हालको व्यवस्थालाई सम्बोधन गरी सोको सट्टामा नगद धरौट वा मुद्दाको अवधिभर खाम्नेगरी बैङ्क जमानत राखेर पनि मुद्दा पुनरावेदन गर्न सकिने व्यवस्था मिलाइएको र यसबाट मुद्दा पुनरावेदनमा व्यावसायिक लागत न्यून हुन जाने अपेक्षा लिइएको छ।

## ३. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः

- **<u>दफा ३ को उपदफा (१) झिकिएकोः</u>** तोकिएको अवस्थामा बाहेक सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा कैद तथा जरिवाना गर्ने सम्बन्धी व्यवस्था झिकिएको ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** प्रतिस्पर्धाको माध्यमबाट वस्तुको मूल्य निर्धारण हुने, साथै उपभोक्ता हित विरुद्धका सबै कसूरहरूलाई उपभोक्ता हित संरक्षण ऐन, २०७५ बमोजिम कारवाही भई एकरूपता कायम हुने भएको ।

## ४. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधनः

- **<u>दफा १२ को उपदफा (४) मा संशोधनः</u>** "त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गरी" भन्ने शब्दहरू पछि "बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र" भन्ने शब्दहरू थपिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरिएका व्यक्तिलाई हाल कति समयभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा अन्य कानूनहरूसँग समेत तादात्म्य हुनेगरी

"बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र" भन्ने शब्दहरू थपिएबाट तत् सम्बन्धमा एकरूपता एवं निश्चितता कायम हुने भएको।

- **<u>दफा १३क. कोः</u>**
  - **<u>उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।</u>**
  - **<u>उपदफा (६) पछि उपदफा (७) र (८) थपः</u>** यस ऐन बमोजिम मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिबाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा राजस्व अनुसन्धान विभागले बिगो र लाग्ने जरिवाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयको लागि सरकारी वकील कार्यालयमा पेश गर्नुपर्ने र त्यसरी लेखिआएमा सरकारी वकील कार्यालयले त्यस्तो मुद्दा नचलाउने निर्णय गर्ने।

**<u>ठाउँ-ठाउँमा रहेका "पचास लाख" भन्ने शब्दहरूको सट्टा "तीन करोड" भन्ने शब्दहरू राखिएको।</u>**

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** राजस्व चुहावटसँग सम्बन्धित कसूरमा मुद्दा दायर गर्दा वादी (सरकार) तथा प्रतिवादी दुवै पक्षलाई अदालती प्रक्रियामा लामो समय र लागत लाग्नुका साथै व्यवसाय समेत बन्द हुने सम्भावना रहने र यसबाट अर्थतन्त्रमा नकारात्मक असर पुग्ने देखिएको हुँदा सम्बन्धित प्रतिवादीले राजस्व चुहावट सम्बन्धमा कानून बमोजिम निर्धारण गरिएको कर तथा शुल्क जरिवाना बुझाउन राजी भई त्यस्तो रकम दाखिला गरेमा अदालती मुद्दा प्रक्रियामा नजाने हुँदा लागत र समय बचत हुने देखिएको।

- **<u>दफा २० को उपदफा (३) र (४) मा संशोधनः</u>** हाल कुनै समयसीमा नरहेकोमा समय सीमा थप गरिएको।
- **<u>दफा २४ पछि दफा २४क. र दफा २४ख. थपः</u>**

  **<u>२४क. मिलापत्र हुन सक्नेः</u>** अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा त्यस्तो

मुद्दालाई निरन्तरता दिनुभन्दा मिलापत्रमा जानु उपयुक्त हुने हुँदा यस सम्बन्धी प्रावधान थपिएको ।

**<u>२४ख. मुद्दा फिर्ता लिन सकिने</u>**: जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक प्रतिवादीउपर यस ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सकिने।

- **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्रमा जाँदा मुद्दाको सङ्ख्या, लागत तथा समयमा कमी आउनुका साथै समयमा नै राजस्व सङ्कलन हुने। साथै, कतिपय अवस्थामा प्रतिवादीले अज्ञानतावश राजस्व चुहावटजन्य गतिविधिमा संलग्न भएको हुनसक्ने वा उपलब्ध कागजातबाट निजको संलग्नता रहेको देखिए तापनि राजस्व चुहावट गर्ने स्पष्ट बदनियत नरहेको अवस्थामा निजउपर मुद्दा चलाउनु फौजदारी न्यायको दृष्टिकोणले उपयुक्त नहुने हुँदा नागरिकको अधिकार सुरक्षित हुने भएको।

## ५. मध्यस्थता ऐन, २०५५ मा संशोधनः

- **<u>दफा १३क. थपः</u>** मुद्दाका पक्षहरूले सम्झौता वा सहमति गरी तोकिए बमोजिमको **द्रुत मध्यस्थता** सेवा अवलम्बन गरी विवाद समाधान गर्न सक्ने ।
- **<u>दफा ३० मा उपदफा (४) थपः</u>** अदालतले सुनुवाइ गर्दा मध्यस्थले आधार लिएको प्रमाणको पुनः परीक्षण गर्नेगरी सुनुवाइ गर्नुहुँदैन ।
- **<u>दफा ३२ मा संशोधनः</u>** मध्यस्थताको निर्णय कार्यान्वयन हुन नसकेमा निर्णय कार्यान्वयन गराउनको लागि सम्बन्धित पक्षले जिल्ला अदालतसमक्ष निवेदन दिनसक्ने र त्यसरी निवेदन परेमा जिल्ला अदालतले सो निर्णयलाई आफ्नो फैसलासरह कार्यान्वयन गरिदिनु पर्नेछ।

**संशोधनबाट अपेक्षित उपलब्धिः** विवादहरू मध्यस्थताको विधिबाट शीघ्र समाधान एवम् निर्णय कार्यान्वयन हुन सहज हुने ।

## ६. कम्पनी ऐन, २०६३ मा संशोधनः

- **दफा १८ को उपदफा (३क), (३ख), (३ग), र (३घ) थपः** कम्पनी संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगदबाहेक अरू कुनै किसिमबाट शेयर खरिद, जारी वा शेयरमा हक प्राप्त गर्ने अधिकार प्रदान गर्न सक्ने । यस सम्बन्धी विषय कम्पनीको साधारण सभामा विशेष प्रस्तावको रूपमा पारित गर्नु पर्ने । यस्तो शेयर स्टार्ट-अप उद्यमको हकमा चुक्ता पुँजीको ४०% र कम्पनीको हकमा २०% प्रतिशत शेयर व्यक्तिलाई प्रदान गर्न सकिने।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** श्वेत शेयर व्यवस्थित हुने ।
- **दफा २९ को उपदफा (४) झिकिएको ।**
- **दफा ६३ को उपदफा (१) मा प्रतिबन्धात्मक वाक्यांश थपः** सञ्चालनमा आइसकेको कुनै प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्न पुनः स्वीकृति लिइरहन आवश्यक नपर्ने ।
- **दफा ६६क थपः** कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी कुनै कम्पनीले कुनै कर्मचारी वा नियमित रोजगारीमा रहेको सञ्चालकलाई शेयर निष्कासन गरी बिक्री गर्न र सम्बन्धित कर्मचारी वा सञ्चालकले खरिद गर्न पाउने ।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** कर्मचारी थप उत्प्रेरित हुनुका साथै कम्पनीमा आफ्नो समेत स्वामित्व राख्न पाउने ।
- **दफा ८१ मा उपदफा (७) थपः** कुनै कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण, सूचना वा जानकारी संवत् २०८२ साल असार मसान्तभित्र बुझाएमा यस ऐन बमोजिम विवरण, सूचना वा जानकारी ढिला बुझाए बापत लाग्ने जरिवानामा नब्बे प्रतिशत छुट दिइने।

**संशोधनबाट अपेक्षित उपलब्धिः** विवरण पेश नगरेका कम्पनीहरूले विवरण पेश गर्ने भई कानूनको अनुपालना बढ्ने ।

- **दफा ८९ को उपदफा (१) को खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको प्रतिस्थापनः** एउटा प्राइभेट कम्पनीको सञ्चालक समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा पनि सञ्चालक हुन सक्ने, पब्लिक कम्पनीमध्ये बैङ्क, वित्तीय तथा बीमा क्षेत्रसँग सम्बन्धित पब्लिक कम्पनी बाहेक एउटा पब्लिक कम्पनीको सञ्चालक समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुन सक्ने व्यवस्था गरिएको।
- **दफा १३६क. को प्रतिस्थापनः** कारोबार सञ्चालन नगरेको वा सञ्चालनमा नरहेको वा विवरण पेश नगरेको वा लाग्ने जरिबाना नबुझाएको कम्पनीले दर्ता खारेज गर्न चाहेमा त्यस्तो कम्पनीको साधारण सभाबाट निर्णय गरी कार्यालयमा निवेदन दिन सक्ने।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** कम्पनी बन्द गर्दा हुने झन्झटको अन्त्य हुने।

**७. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधनः**

- **दफा ५५ को उपदफा (२) प्रतिस्थापनः** बैङ्क वा वित्तीय संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानी वा सार्वजनिक-निजी साझेदारीको अवधारणा अन्तर्गत परियोजना कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकाय र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौतालाई सुरक्षणको रूपमा स्वीकार गरी आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुनेगरी कर्जा प्रवाह गर्न सक्ने।
- **दफा ५५ को उपदफा (३) पछि उपदफा (३क) थपः** सार्वजनिक-निजी साझेदारीको अवधारणा अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकाय र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौता बमोजिम कार्यान्वयन भएको परियोजनामा समस्या उत्पन्न हुँदा वा ऋणीले कर्जा दायित्व पूरा गर्न नसकेको अवस्थाको बैङ्क वा वित्तीय संस्थालाई सम्बन्धित नेपाल

सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकायसँग गरिएको सम्झौता बमोजिम स्टेप-इन अधिकार प्रचलन गराउने अधिकार हुने ।

**संशोधनबाट अपेक्षित उपलब्धिः** सार्वजनिक-निजी साझेदारीको अवधारणा अन्तर्गतका परियोजनाले बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न सहज हुने भएको ।

## ८. विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधनः

- **दफा २ मा संशोधनः** "उद्योग" को परिभाषामा विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न नसकिने उद्योगको सूचीमा समावेश भएको उद्योग बाहेकको अन्य सबै उद्योगलाई समेटिएको ।
- **दफा ११ मा संशोधनः** विशेष आर्थिक क्षेत्रभित्र उद्योग स्थापना गर्न अनुमतिपत्रवालाले अनुमतिपत्र प्राप्त गरेको मितिले एक सय बिस दिनभित्र उद्योगको स्थापना र सञ्चालनका सम्बन्धमा प्राधिकरणसँग सम्झौता गर्नुपर्ने ।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** अनुमतिपत्रवाला उद्योगले निश्चित समयसीमाभित्रै उद्योग स्थापना र सञ्चालन सम्बन्धमा सम्झौता गरिसक्ने स्थिति निर्माण हुने भएको ।
- **दफा १३ को उपदफा (१) मा प्रतिबन्धात्मक वाक्यांश थपः** तर काबु बाहिरको परिस्थिति परी निर्यात गर्न असमर्थ भएको अवस्थामा उद्योगले प्राधिकरणको पूर्वस्वीकृति लिई त्यस्तो परिस्थिति परेको अवधिभर अनुमति पाएको परिमाण नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्ने ।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** विशेष आर्थिक क्षेत्रभित्र स्थापना भएका उद्योगले आफ्नो उत्पादनको न्यूनतम निश्चित प्रतिशत अनिवार्यरूपमा निर्यात गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा कुनै उद्योगले काबु बाहिरको परिस्थिति परी निर्यात गर्न असमर्थ भएको अवस्थामा प्राधिकरणको पूर्वस्वीकृति लिई त्यस्तो अवधिभर अनुमति पाएको परिमाण नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्ने भई काबु बाहिरको

परिस्थितिमा जोखिम न्यूनीकरण गर्न एवम् व्यावसायिक नोक्सानी हुन नदिन सहयोग पुग्ने भएको।

- **<u>दफा १६ को खण्ड (ङ) पछि खण्ड (ङ१) थपः</u>** उद्योगको लागि आवश्यक हुने भवन लगायतका भौतिक संरचनाको नक्सा स्वीकृत गरी सम्बन्धित स्थानीय तहलाई जानकारी दिने।
- **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** विशेष आर्थिक क्षेत्रभित्र स्थापित भौतिक संरचनाको नक्सालगायतको अभिलेख स्थानीय तहमा उपलब्ध हुने ।
- **<u>दफा २६ पछि दफा २६क. थपः</u>** विशेष आर्थिक क्षेत्रको उद्योगले जग्गा बाहेकको स्थिर सम्पत्ति वा सम्झौतालाई बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्ने।
- **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई ऋण लिन सहज हुने।
- **<u>दफा २७ को उपदफा (२) प्रतिस्थापनः</u>** दफा ७ बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएको उद्योगले कारोबार सुरु गरेको मितिबाट यस दफा बमोजिमको अवधि पुग्न जति वर्ष बाँकी छ सो अवधिको मात्र कर छुट सुविधा पाउने।
- **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** कुनै उद्योगले पाएको कर छुट सुविधा त्यस्तो उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएपश्चात् पनि प्राप्त हुने सुनिश्चितता हुँदा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरणलाई प्रोत्साहन मिल्ने ।
- **<u>दफा ३० मा संशोधनः</u>** "कुनै उत्पादन बिक्री गरेमा" भन्ने शब्दहरूको सट्टा "कुनै उत्पादन वा सेवा बिक्री गरेमा" भन्ने शब्दहरू राखिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** हाल उत्पादनमूलक उद्योगले मात्र विशेष आर्थिक क्षेत्रभित्र रहेका उद्योगलाई उत्पादन बिक्री गर्दा निर्यात गर्ने उद्योगसरह सुविधा प्राप्त गर्ने व्यवस्था रहेकोमा अवउप्रान्त सेवामूलक उद्योगलाई पनि त्यस्तो सुविधा उपलब्ध हुने भएको।

## ९. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधनः

- **<u>दफा २ मा संशोधनः</u>**
  - खण्ड (च) को उपखण्ड (३) "प्रविधि हस्तान्तरण" को परिभाषामा संशोधन गरी "व्यवस्थापन तथा प्राविधिकि सेवा, सूचना प्रविधि, मार्केटिङ तथा मार्केट रिसर्च, वित्तीय, लेखा तथा लेखापरीक्षण, इन्जिनियरिङ, आउटसोर्सिङ, मानव संसाधन आउटसोर्सिङ, डिजिटल डेटा प्रोसेसिङ तथा डिजिटल डेटा माइग्रेसन, डिजाइन सेवा वा अन्य प्राविधिक सीप वा ज्ञान" लाई समेटिएको।
  - खण्ड (ञ) विदेशी लगानीको परिभाषा अन्तर्गत उपखण्ड (१०) थप गरी दफा ९क. बमोजिम विशिष्टीकृत लगानी कोषको एकाइमा गरेको लगानीलाई पनि समेटिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** वैदेशिक प्रविधि हस्तान्तरणको दायरा विस्तार भई त्यस्ता प्रविधि भित्र्याउन र सो मार्फत स्वदेशी प्रविधि विकास तथा उत्पादन वृद्धिमा सकारात्मक योगदान पुग्ने भएको । साथै, विदेशी लगानीकर्ताले विशिष्टीकृत लगानी कोषको एकाइ खरिद गरी विदेशी लगानी गर्न सक्ने र यसबाट मुलुकभित्र विदेशी लगानी भित्र्याउन सहयोग पुग्ने भएको।

- **<u>दफा ७क को उपदफा (२) मा संशोधनः</u>** नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनीले विदेशमा प्रविधि हस्तान्तरण गरेबापत प्राप्त हुने विदेशी मुद्रा नेपाल राष्ट्र बैङ्कको अनुमति लिई नेपालमा भित्र्याउन वा विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको अधीनमा रही विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहनेगरी संस्थापित यस्तै प्रकृतिको निकायमा लगानी गर्न सक्नेछ।
- **<u>सशोधनबाट अपेक्षित उपलब्धिः</u>** प्रविधि निकासीबाट प्राप्त हुने विदेशी मुद्रालाई विदेशी निकायमा लगानी गर्न पाउने सुविधाबाट निकासी प्रवर्द्धन हुने भएको।

- **<u>दफा ९ को उपदफा (१) मा संशोधनः</u>** "पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड)" भन्ने शब्दहरूको सट्टा "कोष व्यवस्थापकको कार्य तथा पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड)" भन्ने शब्दहरू राखिएको।
- **<u>दफा ९क थपः</u>** विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपुँजी लगानी (इक्विटी) गर्ने प्रयोजनको लागि नेपाल धितोपत्र बोर्डको स्वीकृति लिएर पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड) वा विशिष्टीकृत लगानी कोषको एकाइ खरिद गरी विदेशी लगानी गर्न सक्ने व्यवस्था मिलाइएको।
- **<u>दफा १२ मा संशोधनः</u>** कुनै पनि नेपाली उद्योगले प्रचलित नेपाल कानूनबमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्ने र त्यस्तो ऋण वा लगानीलाई ऐनको परिच्छेद ५ बमोजिम अन्य विदेशी लगानी भएका उद्योग वा विदेशी लगानीकर्तालाई प्रदान गरिए सरहको छुट, सुविधा र सहुलियत उपलब्ध हुने।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** मुलुकमा विदेशी लगानी भित्र्याउन सहज भई त्यस्तो लगानी वृद्धि हुने।
- **<u>दफा १८क थपः</u>** स्वीकृत विदेशी लगानीको रकम उद्योग विभागको स्वीकृतिमा कुनै व्यक्ति वा निकायलाई पूर्ण वा आंशिक रूपमा निःशुल्क हस्तान्तरण गर्न सक्ने।
- **<u>दफा २० को उपदफा (२) मा खण्ड (ज) र (झ) थपः</u>** विशिष्टीकृत लगानी कोषको एकाइ बिक्री बापतको रकम र विशिष्टीकृत लगानी कोषको एकाइबाट प्राप्त मुनाफालाई विदेशी लगानीकर्ताले चाहेमा प्रचलित कानून बमोजिमको कर दायित्व पूरा गरी परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउने व्यवस्था मिलाइएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रोत्साहन र आकर्षण वृद्धि भई विदेशी लगानी प्रवर्द्धन गर्न सहयोग पुग्ने।

- **<u>दफा २६ को उपदफा (१क) थपः</u>** दफा २० बमोजिमको प्रक्रिया पूरा गरेको विदेशी लगानी फिर्ता लैजान विदेशी लगानी स्वीकृत गर्ने निकायको सिफारिस तथा नेपाल राष्ट्र बैङ्कको स्वीकृति आवश्यक नपर्ने।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** विदेशी लगानीकर्ताले गरेको लगानी र आर्जित रकम फिर्ता लैजान सहजता हुने भएबाट विदेशी लगानी आकर्षित गर्न सहयोग पुग्ने।
- **<u>दफा ३० को उपदफा (५) मा संशोधनः</u>** उद्योगमा काम गर्न आउने विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीको परिवारलाई समेत गैरपर्यटकीय भिसा दिने व्यवस्था मिलाइएको।
- **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई नेपालमा ल्याउन सक्दा स्वदेशी उद्योग सञ्चालन र विस्तारका साथै स्वदेशी जनशक्तिको सिकाइ र क्षमता विकासमा योगदान पुग्ने भएको तथ्यालाई दृष्टिगत गरी उनीहरूको परिवारका सदस्यलाई नेपालमा आउँदा गैरपर्यटकीय भिसा उपलब्ध गराउने व्यवस्थाले विदेशी दक्ष जनशक्ति नेपाल आउन उत्प्रेरित हुने देखिएको।
- **<u>दफा ४८ को उपदफा (२) मा संशोधनः</u>** प्रदेशमा दर्ता भएको उद्योगमा विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न प्रदेशको उद्योगसम्बन्धी विषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस चाहिने साविकको व्यवस्थालाई हटाइएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** प्रक्रियागत सरलीकरण भई विदेशी लगानी आकर्षित गर्न सहयोग पुग्ने देखिएको।
- **<u>अनुसूची – विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायमा संशोधनः</u>**
  - **<u>क्र.सं. १ मा संशोधनः</u>** "ठूला उद्योग" भन्ने शब्दहरूको सट्टा "ठूला उद्योग, कृषि प्रविधि र यान्त्रिकीकरण" भन्ने शब्दहरू राखिएको ।

- **क्र.सं. ११ थपः** वायुयान सञ्चालन, प्रशिक्षण, मर्मत-सम्भार तथा यात्रु सेवा सुविधा प्रदायक उद्योगको हकमा देहायको सीमाभन्दा बढी हुने विदेशी लगानी,-

  (क) अन्तर्राष्ट्रिय वायुसेवा: ८० प्रतिशत

  (ख) आन्तरिक वायुसेवा: ४९ प्रतिशत

  (ग) प्रशिक्षण संस्था: ९५ प्रतिशत

  (घ) मर्मत-सम्भार संस्था: ९५ प्रतिशत

**संशोधनबाट अपेक्षित उपलब्धिः** विदेशी लगानी खुला नगरिएका उद्योगको सूचीबाट क्र.सं.१ मा उल्लिखित "ठूला उद्योग, कृषि प्रविधि र यान्त्रिकीकरण" लाई अलग गरिएको, साथै क्र.सं.११ मा उल्लिखित सेवा उद्योगको हकमा तोकिएको सीमासम्म विदेशी लगानी हुने उद्योगलाई अलग गरिएको। यसबाट ती उद्योगहरूमा विदेशी लगानी खुला भई लगानी आकर्षित हुने भएको।

## १०. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन:

- **दफा १० को उपदफा (४) संशोधनः** बोर्डको स्वीकृति लिई कार्यालयले सल्लाहकार वा विशेषज्ञको सेवा लिन सक्नेछ । त्यस्तो सल्लाहकार वा विशेषज्ञको कार्यक्षेत्रगत शर्त र पारिश्रमिक तथा सुविधा बोर्डले निर्धारण गरे बमोजिम हुने।
- **दफा १४ को दफा शीर्षकमा संशोधनः** शीर्षकमा रहेका "सार्वजनिक-निजी साझेदारी एकाइ" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक-निजी साझेदारी निर्देशनालय" भन्ने शब्दहरू राखिएको।
- **दफा १५ को दफा शीर्षकमा संशोधनः** शीर्षकमा रहेको "लगानी एकाइ" भन्ने शब्दहरूको सट्टा "लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय" भन्ने शब्दहरू राखिएको।
- **दफा ४६ मा उपदफा (४) र (५) थपः**

- (४) एकल बिन्दु सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि बोर्डले बनाई लागू गर्नेछ।
- (५) बोर्डको कार्यालयमा स्थापित एकल बिन्दु सेवा केन्द्रमा सम्बन्धित सरोकारवाला निकायबाट प्रचलित कानूनबमोजिम निर्णय गर्ने अख्तियारीसहित कर्मचारी खटाउनु पर्नेछ।

- **<u>दफा ४६ पछि देहायको दफा ४६क. थपः</u>** बोर्डमार्फत सञ्चालन हुने आयोजनाको दर्ता, स्वीकृति र कार्यान्वयन प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिनेछ।
- **<u>दफा ५७ को उपदफा (२) मा खण्ड (घ) थपः</u>** बोर्डबाट कार्यान्वयन हुने परियोजनाबाट नेपाल सरकारलाई प्राप्त हुने आम्दानीको निश्चित अंश सालबसाली विनियोजन ऐनबाट छुट्ट्याइएको रकम बोर्डको कोषमा जम्मा हुने।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** लगानी बोर्डको कार्यालयमा आवश्यक विज्ञ जनशक्ति व्यवस्थापनमा सहजता पुग्ने, साथै बोर्डको कार्यालयको कार्यसम्पादनमा सकारात्मक नतिजा हासिल हुने।

## ११. औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधनः

- **<u>दफा ३ को उपदफा (१क) थपः</u>** दर्ता नगराई स्थापना तथा सञ्चालनमा रहेको उद्योगले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र उद्योग दर्ता गर्न निवेदन दिएमा त्यस्तो उद्योग दर्ता गर्ने निकायले तोकिएको जरिवाना लिई सो उद्योग दर्ता गरी दिनुपर्ने।
- **<u>दफा ४ को उपदफा (९) थपः</u>** उद्योग दर्ता गर्न निवेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र कुनै अपुग कागजात वा विवरण माग नगरेमा वा अपुग विवरण वा कागजात पेश गरेकोमा त्यस्तो कागजात वा विवरण पेस गरेको मितिले पन्ध्र दिनभित्र उद्योग दर्ता सम्बन्धी निर्णय गर्नुपर्ने, यदि नगरेमा त्यस्तो अवधि समाप्त भएपछि उद्योग स्थापना वा सञ्चालन गर्न बाधा नपर्ने व्यवस्था गरिएको ।

- **<u>दफा ७ मा संशोधनः</u>** वातावरणीय प्रतिकूल असरलाई न्यूनीकरण गर्नुपर्ने अन्तर्गत उपदफा (२) मा रहेका "पुँजी वृद्धि," भन्ने शब्दहरू झिकिएको, उपदफा (५) मा रहेका "स्वघोषणा पेश गर्नु पर्नेछ" भन्ने शब्दको सट्टा "वातावरण व्यवस्थापन योजना पेश गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएको ।
- <u>दफा ८ मा संशोधनः</u>
    - **<u>उपदफा (७) मा संशोधनः</u>** अनुसूची-१ अनुसारका उद्योग दर्ता गर्नुअघि बोर्डबाट अनुमति लिएका उद्योगले निर्धारित समयावधिभित्र निवेदन नदिएमा त्यस्तो अनुमतिपत्र स्वतः निष्क्रिय हुने भन्ने व्यवस्था झिकिएको।
    - **उपदफा (७क) थपः** उपदफा (७) बमोजिम दर्ता गर्न नसकेमा सोको कारण खोली अनुमतिपत्रको म्याद थपको लागि बोर्ड समक्ष निवेदन दिनुपर्ने।
    - **उपदफा (७ख) थपः** उपदफा (७क) बमोजिम प्राप्त निवेदनमा उल्लिखित कारण मनासिब लागेमा बोर्डले अनुमतिपत्रको अवधि थप गर्न सक्ने ।
- <u>दफा ११ मा संशोधनः</u>
    - **<u>उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश "एक प्रदेशबाट अर्को प्रदेशमा उद्योग स्थानान्तरण गर्नुपर्ने भएमा उद्योग विभागको स्वीकृति लिनुपर्ने" व्यवस्था झिकिएको</u>।**
    - **<u>उपदफा (२) मा संशोधनः</u>** (२) उद्योग स्थानान्तरण सम्बन्धमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायले स्वीकृति दिने क्रममा <u>वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सो समेत गरी</u> त्यस्तो स्वीकृति दिने व्यवस्था गरिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** उद्योग स्थानान्तरणको स्वीकृति उद्योग दर्ता गर्ने सम्बन्धित निकायबाटै हुनसक्ने र यसका लागि उद्योग विभागको स्वीकृति लिइरहनु नपर्ने व्यवस्थाले उद्योग स्थानान्तरण गर्न प्रक्रियागत सरलीकरण हुने। वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गरेर मात्र स्थानान्तरणको स्वीकृति दिने व्यवस्थाले वातावरण संरक्षणमा योगदान पुग्ने देखिएको ।

- **<u>दफा १२क थप:</u>** कुनै उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्नुपर्ने भएमा उद्योग दर्ता गर्ने निकायमा स्वीकृतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिनुपर्ने र कागजात जाँचबुझ गरी स्वीकृति दिन मनासिब देखिएमा निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र स्वीकृति दिने ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धि:</u>** उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तनको अभिलेख व्यवस्थित हुने ।

- **<u>दफा २९ को खण्ड (त) र (थ) थप:</u>**
  - (त) कुनै पनि उद्योगले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्ने,
  - (थ) वार्षिक पाँच करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग वा नलेज प्रोसेस आउटसोर्सिङ गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई तोकिए बमोजिम सुविधा र सहुलियत प्रदान गर्न सक्ने ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धि:</u>** स्वदेशी उद्योगमा विदेशी लगानी आकर्षण र परिचालन गर्न सहयोग पुग्ने; सूचना प्रविधिमा आधारित उद्योगको प्रवर्द्धन हुने ।

- **<u>दफा ३१ को उपदफा (१) मा संशोधन:</u>** "राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्ने शब्दहरूको सट्टा "ठूला उद्योग र राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्ने शब्दहरू राखिएको ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धि:</u>** ठूला उद्योगलाई समेत नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराउन सकिने भई त्यस्ता उद्योगको स्थापना र विकासमा सकारात्मक योगदान पुग्ने देखिएको ।

- **दफा ३२ को उपदफा (६) मा संशोधनः**
    - प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गाको पचास प्रतिशतसम्म जग्गा विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) को आधारमा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगको क्षमता अभिवृद्धिको लागि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।

      तर हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्रदान गर्दा तोकिएको शर्तको अधीनमा रही परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ्ग) लिन वा सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायसँग सम्पन्न भएको सम्झौता वा त्यस्तो तहको सरकारले प्रदान गरेको अनुमतिपत्र बमोजिम तोकिएको समयावधि पश्चात् सम्पूर्ण परियोजना सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायलाई हस्तान्तरण हुने प्रबन्ध बमोजिम कार्यान्वयन भएको परियोजनको हकमा हदबन्दीभन्दा बढीको जग्गा पनि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी बैङ्क तथा वित्तीय संस्थामा धितो राख्न दिएकै आधारमा ऋणको दायित्व सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायमा सर्ने छैन ।

<u>**संशोधनबाट अपेक्षित उपलब्धिः**</u> उद्योगी, व्यवसायीलाई कर्जा लिन सहयोग पुगी उद्योगको क्षमता विकासमा योगदान पुग्न जाने देखिएको ।

- <u>**दफा ४३ मा संशोधनः**</u> उपदफा (१) मा "निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई" भन्ने शब्दहरूको सट्टा "निकायले" भन्ने शब्द राखिएको । सोही उपदफाको खण्ड (क) मा रहेका "लघु उद्यमको" भन्ने शब्दहरूको सट्टा "लघु उद्यम र घरेलु उद्योगको" भन्ने शब्दहरू राखिएको, उपदफा (२), (३), (४),

(६), (७) र (९) मा रहेका "निकायको सिफारिसमा मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "निकायले" भन्ने शब्द राखिएको।

<u>**सशोधनबाट अपेक्षित उपलब्धिः**</u> दर्ता नभएका उद्योगलाई बन्द नगरी जरिवाना लिएर दर्ता गर्नसकिने व्यवस्था मिलाइएको, साथै जरिवाना गर्ने अधिकार मन्त्रालयको सट्टामा सम्बन्धित दर्ता गर्ने निकायलाई प्रदान गरिएको। यसबाट उद्योगको विकास र औद्योगिक कानूनको अनुपालना अभिवृद्धि हुनुका साथै प्रशासनिक प्रक्रियासमेत छिटोछरितो हुन जाने देखिएको ।

- <u>**अनुसूची-४ मा थपः**</u> कृषि तथा वन पैदावारमा आधारित उद्योगको सूचीअन्तर्गत "कृषि प्रविधि तथा यान्त्रिकीकरण" लाई थप गरिएको।
- **अनुसूची-८ सेवामूलक उद्योगको सूचीमा संशोधन र थपः**
  - क्र.सं.३१ मा "प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एलपीजी ग्यास रिफिलिङ् र सवारी ग्यास रिफिलिङ् स्टेशन समेत)" भन्ने शब्दहरूको सट्टामा "प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा, प्राकृतिक ग्यास (एल.एन.जी., सी.एन.जी.) रिफिलिङ्ग (एल.पी.जी. ग्यास रिफिलिङ्ग र सवारी ग्यास रिफिलिङ्ग गर्ने स्टेसन समेत) वा वितरण," भन्ने शब्दहरू राखिएको ।
  - क्र.सं. ६७. कोष व्यवस्थापन (फण्ड म्यानेजमेन्ट), र ६८.सम्पत्ति व्यवस्थापन (आसेट म्यानेजमेन्ट) लाई सूचीमा थप गरिएको।

<u>**संशोधनबाट अपेक्षित उपलब्धिः**</u> सेवामूलक उद्योगको दायरा फराकिलो भएको ।

- <u>**अनुसूची-९ राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको सूचीमा थपः**</u>
  - क्र.सं.६ मा रहेका "वन्यजन्तु आरक्ष पछि "तारेस्तरको होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा (क्रुज) र जलक्रीडा (वाटर इन्टरटेन्मेन्ट)" थप गरिएको।

<u>**संशोधनबाट अपेक्षित उपलब्धिः**</u> तारेस्तरको होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा (क्रुज) र जलक्रीडा (वाटर इन्टरटेन्मेन्ट) उद्योगहरूले पनि राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगले पाउने सेवा सुविधा प्राप्त गर्ने भई ती उद्योगहरूको विकास र विस्तारमा सकारात्मक योगदान पुग्न जाने देखिएको।

**निजीकरणलाई व्यवस्थित गर्नका लागि निजीकरण ऐन २०५० (पहिलो संशोधन) अध्यादेश, २०८१ मा समावेश गरिएका मुलभुत विशेषताहरु**

- **ऐनको नाम र प्रस्तावनामा संशोधनः** ऐनको नामलाई "सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०" कायम गरिएको र सोही बमोजिम प्रस्तावनामा समेत मिलाइएको।
- **दफा ४ मा संशोधनः** सरकारी लगानी व्यवस्थापन समिति (साविकको निजीकरण समिति) को काम, कर्तव्य र अधिकारमा संशोधन र थप गरिएको ।
- **दफा ५ मा संशोधनः** उपदफा (६) मा रहेका "कुनै स्वदेशी वा विदेशी" भन्ने शब्दहरू झिकिएको। यसबाट भाषिक मिलान भएको।
- **दफा ५क., ५ख., ५ग. र ५घ. थपः**
    - ५क. अर्थसचिवको संयोजकत्वमा कार्यान्वयन समितिको गठन गरिएको।
    - ५ख. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको।
    - ५ग. समिति र कार्यान्वयन समितिलाई सहयोग गर्न अर्थ मन्त्रालयको संस्थान हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा सरकारी लगानी व्यवस्थापन एकाइको व्यवस्था गरिएको।
    - ५घ. व्यवस्थापन करार र भाडामा निजी क्षेत्रको सहभागिताः प्रतिष्ठानसँग सम्बन्धित मन्त्रालयले प्रतिष्ठानको केही सम्पत्ति भाडामा दिएर वा व्यवस्थापन शुल्क दिनेगरी सरकारी लगानी व्यवस्थापन गर्दा सोको विस्तृत अध्ययन गरी मूल्याङ्कन विधि र छनोट प्रक्रियाको विषयमा समेत समितिबाट सैद्धान्तिक सहमति लिनुपर्ने व्यवस्था गरिएको।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) को व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने देखिएको।
- **दफा दफा ६ मा संशोधनः दफा ५घ.** व्यवस्थापन करार र भाडामा निजी क्षेत्रको सहभागिता सम्बन्धी प्रक्रिया बाहेक कुनै प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापन गर्न

आवश्यक देखिएमा सोको प्रक्रिया निर्धारण गरी अर्थ मन्त्रालयमार्फत स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पेश गर्नुपर्ने। सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने।

<u>**संशोधनबाट अपेक्षित उपलब्धिः**</u> सरकारी प्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन प्रभावकारी हुने।

- **दफा ८ कोः**
    - <u>**खण्ड (क) संशोधनः**</u> साविकमा रहेको "शेयरहरू बिक्री गरेर" को सट्टा "शेयर विनिवेश गरेर" प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापनको प्रक्रिया निर्धारण गरिरएको ।
    - <u>**खण्ड (ङ१) थपः**</u> "प्रतिष्ठानको सम्पत्ति मौद्रिकीकरण गरेर" प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापनको प्रक्रिया निर्धारण गरिएको ।
- <u>**दफा ९ मा संशोधनः**</u> मूल ऐनको दफा ९ मा रहेका "अन्तर्राष्ट्रिय प्रचलन अनुसार" भन्ने शब्दहरू झिकिएको।
- <u>**दफा १० मा संशोधनः**</u> दफा १० को उपदफा (१) को,-
    - खण्ड (ख) मा रहेका "साबिककै प्रकृतिमा" भन्ने शब्दहरूको सट्टा "उच्च प्रतिफल प्राप्त हुने" भन्ने शब्दहरू राखिएको।
    - खण्ड (ग) झिकिएको।
    - खण्ड (च) मा रहेको "स्तरीय" भन्ने शब्द झिकिएको।
    - <u>**दफा १० को उपदफा (१क) थपः**</u> उपदफा (१) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कनको आधारलाई एक सय पूर्णाङ्क मानी समितिले अङ्कभार तोक्न सक्नेछ।
- <u>**दफा १८ मा संशोधनः**</u> पाँच हजार रुपैयाँसम्म"भन्ने शब्दहरूको सट्टा "एक लाख रुपैयाँसम्म"भन्ने शब्दहरू राखी सो दफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको।

"तर त्यस्तो सजाय गर्नुअघि सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ।"

- **<u>दफा २०क. थप:</u>** यस ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही समितिको सिफारिसमा अर्थ मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्ने।

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धी कानूनी व्यवस्थालाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ मा समावेश गरिएका मूलभुत विशेषताहरु**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएका व्यवस्थाहरूमध्ये मूलतः बजेट तर्जुमासँग सम्बन्धी विभिन्न क्रियाकलापहरूको समयसीमामा अध्यादेश मार्फत समसामयिक संशोधन गरिएको छ।
- बजेट तर्जुमा सम्बन्धी समयतालिकामा गरिएको परिमार्जनः

| क्रियाकलाप | हालको समयसीमा | साविकको समयसीमा |
|---|---|---|
| - राष्ट्रिय योजना आयोगले स्रोत तथा खर्चको सीमा अनुमान गर्ने | माघ मसान्त भित्र | माघ १५ |
| - रा.यो.आ.ले बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका तथा बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको रकम समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन अर्थमन्त्रीसमक्ष पेश गर्ने। | फागुन ७ भित्र | माघ मसान्त |
| - अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउने । | फागुन १५ गतेभित्र | माघ मसान्त (रा.यो.आ.ले) |
| - अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गर्ने। | वैशाख १५ भित्र | कम्तीमा १५ दिन अगावै |

| क्रियाकलाप | हालको समयसीमा | साविकको समयसीमा |
|---|---|---|
| - सङ्घीय संसदमा पेश भएको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरणउपर सङ्घीय संसद्ले सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने, हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा अर्थ मन्त्रालयमा त्यस्तो सुझाव तथा निर्देशन पठाउने। | वैशाख मसान्तभित्र | नतोकिएको |

- **<u>दफा २. मा संशोधनः</u>** "केन्द्रीय निकाय", "बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय", "मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)" को परिभाषा गरिएको ।
- **<u>दफा ३. मा संशोधनः</u>** उपदफा (४क) र (४ख) थप
  - (४क) सङ्घीय सञ्चित कोषको सन्तुलनको लागि प्रचलित कानून बमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्नेगरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्न सक्नेछ। त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा महालेखा नियन्त्रक कार्यालयले राख्नेछ।
  - (४ख) यो उपदफा प्रारम्भ भएपछि उपदफा (४क) बमोजिम बाहेकको अन्य सरकारी कोषको विवरण महालेखा नियन्त्रक कार्यालयले अद्यावधिक गर्नु

पर्नेछ। त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखेमा नेपाल सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** सङ्घीय सञ्चित कोषको सन्तुलन कायम हुने।

- **<u>दफा ७ मा संशोधनः</u>**
  - **<u>उपदफा (१)</u>** - बजेट सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्ने। साविकमा यस्तो समय माघ १५ रहेको।
  - **<u>उपदफा (७)</u>** - स्रोत अनुमान समितिले स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन सात गतेभित्र अर्थ मन्त्री समक्ष पेश गर्नुपर्ने। साविकमा यो प्रावधान रहेको, तर समय सीमा नतोकिएकोमा हाल समयसीमा तोकिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण निश्चित समयभित्र भई सोको प्रतिवेदन समेत समयमै प्राप्त हुने।

- **<u>दफा ८ मा संशोधनः</u>**
  - **<u>उपदफा (१)</u>** - राष्ट्रिय योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका र राष्ट्रिय गौरवको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकमसमेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन **<u>प्रत्येक आर्थिक वर्षको फागुन सात गतेभित्र अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ</u>**। त्यसरी आयोगबाट प्राप्त विवरणको आधारमा अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी **<u>फागुन पन्ध्र गतेभित्र</u>** मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउनु पर्नेछ।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** मन्त्रालयगत बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन साविकमा राष्ट्रिय योजना आयोगले गरिएकोमा सोको सट्टा नयाँ प्रावधान

अनुरूप अर्थमन्त्रालयबाट निर्धारण एवम् जारी हुँदा स्रोतसँग व्ययको सन्तुलन एवम् समन्वय प्रभावकारी हुने भएको ।

- **<u>दफा १० मा संशोधनः</u>** उपदफा (३) मा साविकमा बजेट विनियोजन गर्दा "खर्च गर्नसक्ने क्षमताका आधारमा" रहेकोमा सोको संशोधन गरी "अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्नसक्ने क्षमता समेतको आधारमा मन्त्रालय तथा केन्द्रीय निकायबाट प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सक्नेछ । प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रूपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ ।" भन्ने व्यवस्था राखिएको ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** स्रोत विनियोजन प्रभावकारी हुने ।

- **<u>दफा ११ मा संशोधनः</u>** सङ्घीय संसद्मा बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण साविकमा बजेट पेश हुनुभन्दा १५ दिन अगाडि प्रस्तुत गर्नुपर्ने भन्ने व्यवस्थालाई हाल १ महिना अगाडि नै प्रस्तुत गर्नु पर्ने व्यवस्था गरिएको । साथै, संसद्ले कुनै निर्देशन दिन आवश्यक देखेमा वैशाख मसान्तभित्र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था गरिएको ।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** बजेट तथा कार्यक्रम तर्जुमाको चरणमा संसदको भूमिका प्रभावकारी हुने ।

- **<u>दफा १२ मा संशोधनः</u>**
  - **<u>उपदफा (२) मा रहेका</u>** "कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुनेगरी" भन्ने शब्दहरूको सट्टा "कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का सार्वजनिक निकायले नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुनेगरी" भन्ने शब्दहरू राखिएको ।
  - **<u>उपदफा (२क) थपः</u>** मन्त्रालय तथा केन्द्रीय निकायले क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी दफा २४ को

उपदफा (४) बमोजिम अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही आगामी वर्षको बजेट सीमाभित्र सिर्जित दायित्व व्यवस्थापन गर्न सकिने पुष्ट्याइँसहित योजना आयोग र अर्थ मन्त्रालयमा बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्न सक्नेछ ।

- **<u>उपदफा (२ख) थपः</u>** उपदफा (२क) बमोजिम प्रस्ताव प्राप्त भएमा अर्थ मन्त्रालयले स्रोत परिचालन तथा सञ्चित कोषको अवस्था र स्रोतको उपलब्धता समेतको आधारमा स्रोत सहमति दिन सक्नेछ ।"
- **<u>उपदफा (३) मा संशोधनः</u>** "व्यहोर्नुपर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन" भन्ने शब्दहरूको सट्टा "व्यहोर्नुपर्ने सम्भावित आर्थिक दायित्व, प्रतिबद्धता व्यवस्थापन र स्रोत सहमति" भन्ने शब्दहरू राखिएको ।

- **<u>दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको:
  - (१क) उपदफा (१) बमोजिम आयोजना वर्गीकरण गर्दा आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारको रूपमा लिनुपर्नेछ । प्रत्येक आर्थिक वर्षको लागि आयोजनाको कुल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनुअगावै निर्धारण गर्नु पर्नेछ ।"
- **<u>दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को,-
  - दफा शीर्षकमा रहेका "रकमान्तर तथा स्रोतान्तर "भन्ने शब्दहरूको सट्टा स्रोतान्तर तथा ,रकमान्तर" कार्यक्रम संशोधनभन्ने शब्द "हरू राखिएका छन् ।
  - उपदफा (४) पछि उपदफा (४क),४ख)) र ४ग)) थपिएको:

(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने भएमा मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ।

(४ख) आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नुपर्ने भएमा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी मन्त्रालय तथा केन्द्रीय निकायबाट अनुरोध भई आएमा अर्थ मन्त्रालयले त्यस्तो आयोजनाको लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्नेछ।

(४ग) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् व्यवस्थापनमा खर्च गर्नुपर्ने भई तत्काल स्रोत व्यवस्था गर्नुपर्ने भएमा अर्थ मन्त्रालयले कुल वार्षिक बजेटको सीमाभित्र रही मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।"

- उपदफा (५) मा रहेका "रकमान्तर तथा स्रोतान्तर सम्बन्धी" भन्ने शब्दहरूको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी" भन्ने शब्दहरू राखिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धि:</u>** कार्यक्रम संशोधनसम्बन्धी कार्य थप व्यवस्थित हुने; साथै विपद् व्यवस्थापनमा खर्च गर्नुपर्ने अवस्थामा रकम विनियोजन सहज हुने।

- **<u>दफा २१ मा संशोधन:</u>**
    - उपदफा (२)मा रहेका" पहिलो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "असोज मसान्तसम्म"भन्ने शब्दहरू राखिएका छन् ।

- उपदफा(३) मा रहेका "दोस्रो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "फागुन मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन् ।
- उपदफा (४) मा रहेका "आर्थिक वर्षको दोस्रो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "फागुन मसान्तसम्म "भन्ने शब्दहरू राखिएका छन्।

- <u>**दफा २२ मा संशोधनः**</u> सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुने; अनिवार्य दायित्वको रकम नपुग भएमा विषयगत मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानको रूपमा थप हस्तान्तरण गर्नसक्ने, साथै सशर्त, समपूरक वा विशेष अनुदानबापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको।

  **संशोधनबाट अपेक्षित उपलब्धिः** अन्तर-सरकारी वित्तीय हस्तान्तरणमा देखिएका सवालहरू (थप रकम निकासा, फ्रिज रकम फिर्ता लगायत) व्यवस्थित हुने।

- <u>**दफा ३८ मा संशोधनः**</u> उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएको:
  - (३क) महालेखा परीक्षकको कार्यालयले कार्यालयगत, मन्त्रालयगत र केन्द्रीय निकायगत बेरुजुको छुट्टाछुट्टै लगत राखी सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।
  - (३ख) केन्द्रीय निकायले आफ्नो र आफू मातहत कार्यालयको बेरुजु लगत र महालेखा परीक्षकको कार्यालयको बेरुजुको लगत वार्षिक रूपमा रुजु गरी राख्नुपर्नेछ।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** बेरुजु अभिलेख थप व्यवस्थित एवम् अद्यावधिक हुने।

**<u>दफा ४० मा संशोधनः</u>** दफा शीर्षकमा रहेका "बेरुजु फस्यौंट तथा फरफारख" भन्ने शब्दहरूको सट्टा "बेरुजु फस्यौंट, सम्परीक्षण तथा फरफारख" भन्ने शब्दहरू राखिएको।

- उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोः

  "(१) दफा ४१ को उपदफा (१) बमोजिम छलफल हुने बाहेक कार्यालयगत लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजु असुल गरी फस्यौंट तथा नियमित गर्ने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।"

- उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

  "(४क) दफा ४१ को उपदफा (१) बमोजिम छलफल हुने बाहेक असुल गर्नुपर्ने भनी औँल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नुपर्नेमा सो पेश भई आएको वा पेश्की रकम फस्यौंट भई प्रमाण पेश हुन आएको बेरुजु रकम सम्परीक्षणको लागि अधिकारप्राप्त अधिकारीबाट अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नेछ। त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।

**संशोधनबाट अपेक्षित उपलब्धिः** बेरुजु फछ्यौंट सम्बन्धमा रहेको गतिरोध अन्त्य हुने।

**भूमि सम्वन्धी ऐनलाई संशोधन गर्न बनेको अध्यादेशका प्रमुख व्यवस्थाहरू र अपेक्षित उपलब्धि**

**१. भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधनः**

**दफा १२छ. (१) मा संशोधनः** घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गामा प्रचलित कानूनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्ता घडेरीमा घर निर्माण गरी बिक्री गर्नसक्ने व्यवस्था गरिएको।

**संशोधनबाट अपेक्षित उपलब्धिः** उक्त संशोधित प्रावधानले हदबन्दीभन्दा बढी भएका कारण घरजग्गा बिक्री गर्न कठिनाइ झेलिरहेका घरजग्गा व्यवसाय गर्ने कम्पनीहरूलाई घरजग्गा बिक्री गर्न पाउने मार्ग प्रशस्त गरेकोले सोबाट आर्थिक गतिशीलता अभिवृद्धि हुन जाने देखिएको छ।

- **दफा १२छ.(२) मा संशोधनः** घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले घर तथा अपार्टमेन्ट निर्माण गरी बिक्री गर्दा घर वा अपार्टमेन्ट खरिद गर्ने व्यक्तिहरूको सामूहिक उपयोगमा रहने गरी राखिएको जग्गालाई घर वा अपार्टमेन्ट खरिद गर्ने खरिदकर्ताको स्वतः सामूहिक स्वामित्व कायम हुनेगरी जग्गा बिक्री वितरण गर्न पाइने तर त्यस्तो सामूहिक उपयोगमा रहनेगरी राखिएको जग्गा धितोबन्धक राख्न वा बिक्रीवितरण गर्न नपाइने व्यवस्था गरिएको छ।

**संशोधनबाट अपेक्षित उपलब्धिः** हालसम्म सामूहिक उपयोगमा रहेका जग्गा र अपार्टमेन्टको सामूहिक उपयोग र स्वामित्व सम्बन्धी कानूनी व्यवस्था नभएको तर व्यावहारिक रूपमा भोगाधिकार हस्तान्तरण भइरहे पनि त्यस्ता जग्गाको स्वामित्व सम्बन्धित कम्पनीमै रहेको कारण हदबन्दीभन्दा बढी जग्गा हुन पुग्ने परिप्रेक्ष्यमा सामूहिक उपयोग र सामूहिक स्वामित्व सम्बन्धी कानूनी व्यवस्था गरेपछि त्यस्तो जग्गा र अपार्टमेन्ट खरिदबिक्री, उपयोग र स्वामित्व सम्बन्धी

सामुदायिक रूपमा हक स्थानान्तरण हुने भएकोले बसोबास व्यवस्थित हुनुका साथै सार्वजनिक सेवा प्रभावकारी हुने र आर्थिक गतिशीलता अभिवृद्धि हुन जाने देखिएको छ।

- **<u>दफा १२छ.(३) मा संशोधनः</u>** सम्बन्धित निकायबाट अनुमति लिई आवासीय वा व्यावसायिक क्षेत्रमा घरजग्गा व्यवसाय गर्ने कम्पनीले ऐनमा उल्लिखित हदभित्रको जग्गा आवासीय क्षेत्र वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएकोमा त्यस्तो जग्गा प्रचलित कानूनबमोजिम घडेरी विकास नगरी ससीम वा कित्ताकाट गरी बिक्री गर्न नपाइने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम घरजग्गा व्यवसाय गर्न लिएको अनुमतिभन्दा बाहिर गई कसैले पनि अनुचित लाभ लिन नसक्ने भएको।

- **<u>दफा १२छ.(४) मा संशोधनः</u>** सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाउँमा रहेको जग्गा प्रचलित कानूनबमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर निर्माण गरी बिक्री गर्न कुनै बाधा नपर्ने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** हदबन्दीभन्दा बढी भएका जग्गालाई उपयोगमा ल्याई आर्थिक गतिशीलता वृद्धि हुने देखिएको।

- **दफा ५२ख को उपदफा (४) को खण्ड (ग) मा संशोधनः** सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानको जग्गा, राष्ट्रिय निकुञ्ज वा आरक्षको जग्गा, मध्यवर्ती क्षेत्रको जग्गा, हाल रुखबिरुवाले ढाकिएको वनको जग्गा र सडकसीमाभित्रका जग्गा, भूमिहीन सुकुम्बासीलाई उपलब्ध नगराइने भए तापनि सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा मिति २०६६/१०/२८ भन्दा अगावैदेखि घर टहरा बनाई आवाद कमोत गर्दै आएका रहेछन् भने र त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी

किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने व्यहोरा जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको किटानी निर्णयसहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन सकिने व्यवस्था गरिएको।

**<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** संविधानको धारा ४० को उपधारा (५) मा राज्यले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको र धारा ३७ मा प्रत्येक नागरिकलाई आवासको हक हुनेछ भन्ने व्यवस्था भए बमोजिम विभिन्न प्रकृतिका सार्वजनिक जग्गामा मिति २०६६/१०/२८ (भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन हुनुभन्दा अघि) बसोबास गर्दै आएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीले आवासको लागि निःशुल्क रूपमा जग्गा प्राप्त गर्ने र अव्यवस्थित बसोबासीलाई केही निश्चित रकम लिई व्यवस्थित गरिने भएकोले सो कार्यबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूले लामो समयदेखि भोग्दै आएको समस्या समाधान हुने देखिएको।

- **<u>दफा ५२ख को उपदफा (४) पछि उपदफा (४क) थपः</u>** नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई अन्यत्र बसोबासको व्यवस्था मिलाइने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** लामो समयदेखि नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई त्यस्तो ठाउँमा बसोबास गर्न अनुमति दिंदा प्राकृतिक सम्पदाको संरक्षण गर्न कठिनाइ हुने, त्यस्ता जग्गाको थप अतिक्रमण हुन सक्ने भएकोले सो हुन नदिने र त्यस्तो बस्तीलाई विपद्को जोखिमबाट समेत बचाउन सकिने देखिएको।

- **<u>दफा ५२ग को उपदफा (३) मा संशोधनः</u>** अव्यवस्थित बसोबासीलाई जग्गाको प्रकृति, क्षेत्रफल र मूल्याङ्कनलाई समेत हेरी निश्चित दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** अव्यवस्थित रूपमा वन क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा मिति २०६६/१०/२८ भन्दा अघिदेखि बसोबास गरिरहेका अव्यवस्थित बसोबासीलाई सो क्षेत्रबाट हटाउन कठिन भइरहेकोले जग्गाको प्रकृति, क्षेत्रफल र मूल्याङ्कनलाई समेत हेरी निश्चित दस्तुर लिई स्वामित्व हस्तान्तरण गरेपछि अव्यवस्थित रूपमा बसेका बसोबासीहरुको बसोबास व्यवस्थित हुने, राज्यलाई समेत आर्थिक लाभ प्राप्त हुने र अव्यवस्थित बसोबासीका सन्दर्भमा रहेका समस्या समाधान हुने।

- **<u>दफा ६१ पछि देहायको दफा ६१क. थपः</u>** मन्त्रालयले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्ने।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** आवश्यक निर्देशिका वा कार्यविधि बनाउने अधिकार ऐनमा नभएकोले कार्यविधि वा निर्देशिका बनाउन सक्ने अधिकार मन्त्रालयलाई प्रदान गरी मन्त्रालयको काम छिटो, छरितो रूपमा बढी स्पष्टताका साथ सम्पादन गर्न सहयोग पुग्ने देखिएको।

**२. राष्ट्रिय निकुञ्ज ऐन, २०२९ मा संशोधनः**

- **<u>दफा ३ख. मा संशोधनः</u>** मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू-स्वामित्वलाई कुनै असर नपर्नेगरी अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई पुनः नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्ने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको भए तापनि वास्तविक रूपमा खाली रहेका वन क्षेत्र बाहिरको जग्गा

अतिक्रमण हुनसक्ने भएकोले पहिलेको व्यवस्थामा सुधार गरी मध्यवर्ती क्षेत्रभित्रका खाली जग्गालाई नेपाल सरकारको नाममा कायम गरी जमिनको अतिक्रमण, कब्जा हुनबाट जोगाई त्यस्ता जग्गाको बहुउपयोग गर्न सकिने देखिएको।

## ३. वन ऐन, २०७६ मा संशोधनः

- **दफा ३ को उपदफा (२) मा प्रतिबन्धात्मक वाक्यांश थपः** प्रचलित कानूनबमोजिम अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई पुनः नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा नपर्ने व्यवस्था गरिएको।

  **<u>संशोधनबाट अपेक्षित उपलब्धिः</u>** अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको भए तापनि वास्तविक रूपमा खाली रहेका वन क्षेत्र बाहिरको जग्गा अतिक्रमण हुनसक्ने भएकोले पहिलेको व्यवस्थामा सुधार गरी वन क्षेत्रभित्रका खाली जग्गालाई नेपाल सरकारको नाममा कायम गरी जमिनको अतिक्रमण, कब्जा हुनबाट जोगाई त्यस्ता जग्गाको बहुउपयोग गर्न सकिने देखिएको।

मुद्रकः- मुद्रण विभाग, सिंहदवार, काठमाडौं